# साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप भाग-५२

# Overview of Weekly Media Study Vol. 52


**नेपाल संवाद केन्द्र**

काठमाडौं, नेपाल

इमेल : nepalsamwadkendra@gmail.com


**PDF पढ्नका लागि QR Scan गर्नुहोस**

मिति : २०८२ माघ ०४ गते, आइतबार

## साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप - भाग ५२

नेपाल संवाद केन्द्रद्वारा प्रस्तुत यो साप्ताहिक मिडिया अध्ययन प्रतिवेदन २०८२ साल पौष २८ गतेदेखि माघ ४ गतेसम्म प्रकाशित प्रमुख राष्ट्रिय दैनिक पत्रपत्रिका, अनलाइन, प्रिन्ट तथा टेलिभिजन माध्यममा प्रसारित समाचार, विचार, विश्लेषण तथा लेखहरूको गहन अध्ययनपछि तयार गरिएको हो । यस प्रतिवेदनमा उक्त अवधिमा प्रकाशित सकारात्मक, पठनीय तथा रचनात्मक सामग्रीहरू समेटिएका छन् ।

यस अवधिमा नेपालका मिडियाले– बलिउड अभिनेता सञ्जय दत्तद्वारा पशुपतिनाथ दर्शन; छुवाछुतविरुद्ध धर्मगुरु; ध्यान खिच्दै भिक्षुको यात्रा; त्यो धर्म जसले संसार चलाउँछ; युवालाई समथ एवं विपश्यना ध्यानको अत्यावश्यकता; सभ्यता-संस्कृतिको सङ्गम ‘महागंगा आरती’; फिल्टुङमा महाकविको खाट खोज्दै फिल्टुङ!; क्यानभासमा पोखिएका हिटी संस्कृति; संस्कृत पढ्दै दलित विद्यार्थी; माघे संक्रान्ति नजिकिएसँगै बढ्यो तरुलको कारोबार; माघी पर्वले राष्ट्रिय एकता बलियो बनाउँछ: अध्यक्ष दाहाल; मगर समुदायको सांस्कृतिक उत्सव; एक लाख पचास हजारले गरे मकरस्नान; सदाबहार बन्दै चाकुका परिकार; सांस्कृतिक कार्यक्रमसहित मनाइयो माघेसङ्क्रान्ति; पश्चिम नेपालमा माघी र माघे संक्रान्तिको रौनक; माघ संक्रान्तिका धार्मिक र सामाजिक मान्यता; माघे संक्रान्ति पर्वः बर्दियाका थारू गाउँबस्ती उल्लासमय; नयाँ वर्ष मनाउँदै किरात समुदाय; थारु समुदायमा नयाँ वर्षको उत्साह, गाउँको नयाँ नेतृत्व चयन; सखर बनाउने चटारोमा सर्लाहीका किसान– भन्छन्, “चिनी मिलको उधारो ६७५ भन्दा क्रसरको नगद ६०० नै प्यारो”; म्याग्दीका मगर समुदायले धुमधामका साथ मनाए माघेसङ्क्रान्ति पर्व; माघ पर्व थारू बस्तीमा गुन्जिँदै सखिया; माधवनारायण-स्वस्थानीका व्रतालुहरू परदेश यात्रामा, आज बिहान पशुपतिमा पूजा; स्वस्थानी र माधवनारायण व्रतालुको परदेश यात्रा; स्वस्थानीका व्रतालुद्वारा बागमतीमा स्नान; धादिङमा जुधाइयो सय हल गोरु; आज बालाचतुर्दशी, शिवालयहरूमा शतबीज छर्दै; ल्होसार महोत्सव तथा फुड फेस्टिवल प्रारम्भ; ऐतिहासिक गढी-किल्ला संरक्षण अभियानमा नेपाली सेना– लगायतका विषयवस्तुहरू समेटिएका छन् ।

अन्तरदेशीय, कूटनीतिक, लोकतान्त्रिक तथा सामाजिक समाचारतर्फ– फोक्सुन्डो तालः देशको अविच्छिन्न आत्मा; वायु प्रदूषणले आजित पर्यटक; पर्यटक तान्दै तातोपानी; कोलकाता अन्तर्राष्ट्रिय बाल नाटक महोत्सवमा चार नेपाली नाटक; सुगम बन्दै दुबुङ गाउँ, बढ्दै पर्यटकको आकर्षण; शिवपुरीको तारेभिरलाई पर्यटकीय गन्तव्य बनाइने; नेपालको सशक्त ब्रान्डिङ गर्न पर्यटन कूटनीतिमा जोड; रैथाने अस्तित्व जोगाउँदै बिउ बैंक; ‘हाम्रो पाइला समृद्ध ललितकलातर्फ’; ढुंगा कुँदेर अमर आकृति; चितवनमा ‘खिचरा महोत्सव’ सुरु; गगन-विश्वको सार्थक विद्रोह, कांग्रेसको निकास विधि; लोकतान्त्रिक सरकारलाई अपदस्थ गरेपछि म्यानमारमा पहिलोपटक आम निर्वाचनको तयारी; नेपाली नाम नै वैज्ञानिक नाम; सामाजिक तथा सांस्कृतिक विकासका लागि कस्तो शिक्षा?; राष्ट्रिय एकताको साझा संकल्प; विपत् न्यूनीकरणका प्रयास; सगरमाथा नियाल्दा; अन्तरिक्षमा अड्कियो ‘मुनाल’ लगायतका विषयवस्तुहरू पनि समेटिएका छन् ।

यस साप्ताहिक मिडिया अध्ययन प्रतिवेदनमा समेटिएका विषयवस्तुहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समसामयिक, सान्दर्भिक तथा रणनीतिक मुद्दाहरूको स्पष्ट, तथ्यपरक र व्यवस्थित विश्लेषण प्रस्तुत गरेका छन् । यो प्रतिवेदन अनुसन्धानकर्ता, नीतिनिर्माता, पाठक तथा सञ्चारकर्मीहरूका लागि उपयोगी सन्दर्भ सामग्री बन्ने विश्वास लिएका छौं ।

**Date: 2082 Magh 04, Sunday**

# Weekly Media Study Summary– Part 52

This Weekly Media Study Report, presented by the Nepal Samwad Kendra, has been prepared following an in-depth review of news reports, opinions, analyses, and articles published and broadcast in major national daily newspapers, online portals, print media and television outlets between Poush 28 and Magh 04, 2082. The report incorporates positive, readable and constructive content published during this period.

During this time, Nepali media highlighted topics such as ; *"Bollywood actor Sanjay Dutt's visit to Pashupatinath Temple, Religious leaders speaking against untouchability, A monk's journey drawing public attention, The religion that drives the world, The essential importance of Samatha and Vipassana meditation for youth, The confluence of civilization and culture in the 'Maha Ganga Aarti', Searching for the great poet's bed in Jhiltung, Hiti culture expressed on canvas, Dalit students studying Sanskrit, Increased trade of tarul (yam) with the approach of Maghe Sankranti, Maghi festival strengthening national unity- Chairman Dahal, Cultural celebrations of the Magar community, One hundred and fifty thousand devotees performing Makar Snan, Chaku-based delicacies gaining lasting popularity, Maghe Sankranti celebrated with cultural programs, Festive vibrancy of Maghi and Maghe Sankranti in western Nepal, Religious and social significance of Magh Sankranti, Maghe Sankranti festival bringing joy to Tharu villages of Bardiya, Kirat community celebrating the New Year; enthusiasm for the New Year among the Tharu community with the selection of new village leadership, Sugar-making rush among farmers of Sarlahi who say, "Cash of 600 from crushers is preferable to 675 on credit from sugar mills.", Maghe Sankranti celebrated with grandeur by the Magar community of Myagdi, Sakhiya songs echoing in Tharu settlements during the Magh festival, Madhav Narayan–Swasthani devotees departing on pilgrimages, Performing morning worship at Pashupati, Pilgrimage of Swasthani and Madhav Narayan devotees, Swasthani devotees bathing in the Bagmati River, Hundred pairs of oxen yoked for plowing in Dhading, Today marked as Balachaturdashi with scattering of Satbij at Shiva shrines, Commencement of Lhosar Festival and Food Festival and the Nepal Army's campaign for the conservation of historic forts and citadels"* among many other subjects.

In the sphere of international, diplomatic, democratic and social news, the report includes; *"Phoksundo Lake as the nation's indivisible soul, Tourists distressed by air pollution, Tatopani attracting tourists, Participation of four Nepali plays in the Kolkata International Children's Theatre Festival, Dubung village becoming more accessible and drawing increasing tourist interest, Plans to develop Tarebhir of Shivapuri as a tourist destination, Emphasis on tourism diplomacy for strong branding of Nepal, Seed banks preserving indigenous existence, "Our Steps Toward Prosperous Fine Arts", Immortal sculptures carved from stone, Commencement of the 'Khichara Festival' in Chitwan, The meaningful rebellion of Gagan–Vishwa and Congress's path to resolution, Preparations for Myanmar's first general election after the overthrow of a democratic government, Nepali names as scientific names, What kind of education is needed for social and cultural development?, A shared commitment to national unity, Efforts toward disaster risk reduction, Observing Sagarmatha (Mount Everest) and 'Munal' stranded in space"* among other topics.

The subjects included in this Weekly Media Study Report presents a clear, factual and systematic analysis of contemporary, relevant and strategic national and international issues. We believe this report will serve as a useful reference material for researchers, policymakers, readers and media professionals.

## २०८२ पौष २८ गतेदेखि माघ ४ गते आइतबारसम्मका पत्रपत्रिकामा प्रकाशित समाचार, विचार, लेख र विश्लेषणको संक्षिप्त रिपोर्ट सबै Links को साथमा

### वलिउड अभिनेता सञ्जय दत्तद्वारा पशुपतिनाथ दर्शन

वलिउड अभिनेता सञ्जय दत्त (सञ्जु) ले पशुपतिनाथमा विशेष पूजा गरेका छन् । शुक्रबार उनले पशुपतिनाथ मन्दिर पुगेर विशेष पूजा गरेका हुन् । उनलाई पशुपतिमा कोषका अधिकारीहरूले स्वागत समेत गरेका थिए । बिहीबार केशरमहलस्थित होटल बाराहीको हाताभित्र सञ्चालित क्यासिनो बादशाहको उद्घाटन गर्न उनी काठमाडौं आएका थिए । बाँकी...

स्रोत : **https://www.dcnepal.com/2026/01/729196/**

### छुवाछुतविरुद्ध धर्मगुरु

सुर्खेतका विभिन्न धर्मगुरु सामाजिक अपराधको रूपमा रहेका जातीय विभेद, छुवाछुत र लैङ्गिक हिंसाविरुद्ध सामूहिक रूपमा अग्रसर हुन सहमत भएका छन्। दलित महिला संघ सुर्खेतले आयोजना गरेको कार्यक्रममा धर्मगुरुले कुनै पनि धर्ममा विभेद, छुवाछुत गर्नु भनेर नभनेको हुँदा संस्कारका नाममा गरिएकाले त्यो संस्कारलाई परिवर्तन गराउन आआफ्ना ठाउँमा भूमिका खेल्ने प्रतिबद्धता जनाएका छन्।

मुस्लिम धर्मगुरु मौलाना बसिर चतुर्वेदीले मुस्लिम धर्ममा विभिन्न जात भए पनि जातकै आधारमा छुवाछुत र विभेद नभएको दाबी गर्नुभयो। उहाँले मुस्लिम धर्ममा जुनसुकै जात भए पनि मूल जात मुस्लिम मानिने हुँदा सबै एकै ठाउँमा बसेर खाने, काम गर्ने गरेको जानकारी दिनुभयो। आफूहरूको धर्मग्रन्थमा छुवाछुत, विभेद नलेखिएको बताउँदै उहाँले कहीं विकृति छ भने त्यस्तालाई हटाउनुपर्ने सुझाव दिनुभयो। सबै जातजातिलाई धर्मबारे बराबर शिक्षा दिएको भए आज यस्तो विभेद नहुने उहाँको भनाइ छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/187536**

### ध्यान खिच्दै भिक्षुको यात्रा

माघी पर्वको अवसरमा रोल्पाको थबाङ गाउँपालिका-२ थबाङगाउँमा बिहीबार तारा हान्ने प्रतियोगिता भएको छ । विगतका वर्षजस्तै माघी मेला मनाउँदै स्थानीयहरुले तारा हान्ने खेल खेलेका हुन् ।

परापूर्वकालदेखिको चलन तारा हान्ने खेलमा स्थानीय मगर समुदायका महिला तथा पुरुषहरु सहभागी हुने गर्दछन् । यसमा विजेतालाई पुरस्कारको समेत व्यवस्था गरिएको हुन्छ । माघीलाई मगर समुदायले प्रमुख चाडका रुपमा मनाउने गर्छन् । तारो हान्ने खेल खासगरी मगर, छन्त्याल र थकालीलगायतका आदिवासी जनजाति समुदायका युवा बढी आकर्षित छन् ।

रबर टाँसिएको काठको मुढामा अघिल्लो भागमा सेतो, कालो, नीलो र रातो रङको रेखा हुन्छ, यसको बीच भागमा अत्यन्तै सानो स्टिल प्लेट राखिएको हुन्छ । त्यही मुढामा रहेको स्टिलको प्लेटलाई छेड्नका लागि आयोजकले निर्धारित गरेको दूरीदेखि बाणको सहायताले तारालाई बारम्बार हान्ने काम नै तारो हान्ने खेल हो । पाकाहरुका अनुसार यो खेल सिकार खेलसँग सम्बन्धित रहेको छ । बाँकी...

स्रोत : **https://ekantipur.com/photo_feature/2026/01/15/shooting-star-game-in-thaban**

## त्यो धर्म जसले संसार चलाउँछ

जब पाण्डवहरू वनबासमा थिए । जसले तिर्खाएका बेला सुन्दर तालको पानी पिउन खोजे । तब यक्ष (चौकीदार, रक्षक) ले धर्म के हो ? भनी प्रश्न गर्दा युधिष्ठिरले दिएको उत्तर यही थियो । यसका गलत उत्तरका कारण युधिष्ठिरका अन्य भाइको मृत्यु भएको थियो ।

तर उनको यही उत्तरले सबै भाइ जीवित पनि बनाइए । उनको यस श्लोकले स्पष्ट भन्छ– धर्मले संसार धान्छ । समाजलाई स्थिर राख्छ र मानवमा मानवता कायम राख्छ । धर्मलाई कुनै घेराभित्र बन्द गरिएको छैन; बरु धर्मलाई जीवन धान्ने आधारका रूपमा प्रस्तुत गरिएको पाइन्छ । घरलाई घर बनाइराख्ने, समाजलाई समाज बनाइराख्ने र अन्तत : मानवतालाई मानव बनाइराख्ने तत्व नै धर्म हो । धर्म भनेको धारण गर्ने शक्ति हो– मानिसको विवेकलाई, समाजको मर्यादालाई र सभ्यताको निरन्तरतालाई । धर्मले कहिल्यै शक्ति खोज्दैन । शक्ति खोज्नेले धर्म प्रयोग गर्छन् । यही बिन्दुमा धर्म र अधर्म छुटिन्छ । बाँकी...

स्रोत : **https://annapurnapost.com/story/492555/**

## युवालाई समथ एवं विपश्यना ध्यानको अत्यावश्यकता

वैज्ञानिक अनुसन्धानहरूले पनि के देखाएका छन् भने, नियमित समथ ध्यान गर्नेहरूको मस्तिष्कमा सकारात्मक परिवर्तन आउँछ; रक्तचाप सामान्य हुन्छ; मानसिक स्वास्थ्यमा सुधार आउँछ; र मीठो निद्रा लाग्न थाल्छ । विद्यार्थीहरूका लागि यो ध्यान विशेष फाइदाजनक छ किनभने यसले सिक्ने क्षमता र स्मरणशक्ति बढाउँछ ।

आज हामी एक्काइसौं शताब्दीको तेस्रो दशकमा बाँचिरहेका छौं । प्रविधिको विकास चरम सीमामा पुगेको छ जसले गर्दा विश्व नै एउटा गाउँ भएको छ; विश्वग्राम नै हरेक व्यक्तिको हत्केलामा अटाएको छ । यसले चाहिने-नचाहिने हरेक कुरामा सबैको सहज पहुँच सम्भव तुल्याइदिएको छ । यस्तो सहजताले सबैजसो व्यक्तिको मानसिक शान्ति अत्यन्तै ह्रासोन्मुख अवस्थामा पुगिरहेको छ; आपसी सद्भाव नामेट भइरहेको छ । यस्तो परिस्थितिबाट विशेष गरी आजको युवा पुस्ता अत्यधिक दबाब, तनाव र भ्रममा रुमलिन थालेको देखिन्छ । फलस्वरूप, लगभग २,५०० वर्षअघि भगवान बुद्धले दिनुभएको पवित्र उपदेश र सिकाउनुभएको ‘समथ एवं विपश्यना ध्यान’ आजको युगमा अझ बढी प्रासंगिक बनेका छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/01/1845370/**

## पाँच दीपङ्कर बुद्धको नगर परिक्रमासहित सम्पन्न भयो सम्यक दान पर्व, सयौँ भिक्षुहरूद्वारा दान ग्रहण

भक्तपुर नगरपालिका-१ स्थित जयकीर्ति महाविहार (ययुबही) परिसर भुइख्यमा बौद्ध परम्पराअनुसार हिजो दिनभर बौद्ध धमावलम्बीहरूले सम्यक दान पर्व मनाएका छन् । बौद्ध धर्मावलम्बीहरूले ३५० वर्षअघि अर्थात् नेपाल संवत् ७८७ भन्दा अघिदेखि प्रत्येक वर्ष माघ १ गते मनाउँदै आएको दानमध्येको महादान ‘सम्यक दान पर्व’ आज भक्तपुरका बौद्ध धर्मालम्बीहरूले मनाएका हुन् ।

सम्यक महादान व्यवस्थापन सहयोग समितिले आयोजना गरेको यो पर्वमा पाँच दीपङ्कर बुद्धका मूर्तिहरूलाई आआफ्नो महाविहारबाट विधिपूर्वक निकालेर दत्तात्रय, सुकुलढोका, दरबारस्क्वायर, दूधपाटी हुँदै जयकीर्ति विहार पुर्याइएको थियो । बाँकी...

स्रोत : **https://www.newspolar.com/archives/399133**

## सभ्यता-संस्कृतिको सङ्गम 'महागंगा आरती'

जनकपुरधामको जानकी मन्दिरबाट पूर्व लागेपछि शिव चोक पुगिन्छ । दिनभर पातलो चहलपहल हुने यहाँ घाम ढल्किन थालेपछि गाडीहरूको जाम बढ्न थाल्छ ।

हर्नको आवाज चर्को र भिड बाक्लो हुन थाल्छ । शिवचोकबाट केही पाइला पूर्व लागेपछि हरेक साँझ चहलपहल बढ्न थाल्छ । यसरी साँझ परेसँगै जनकपुरधामका स्थानीय र घुम्न आएका पाहुनाहरूको जमघट हुने साझा ठाउँ हो - गंगासागर । गंगासागरको वरिपरि सिँढीमा बस्ने र उभिने मानिसहरूको भिड आस्थाका लागि उर्लिन्छ । झमक्क साँझ परेपछि यहाँ सुरु हुन्छ पूजा र आरती, शंख र घन्टको ध्वनि अनि बिजुली बत्तीको झिलिमिली ।

धुपबत्तीको सुगन्धसँगै हुने आरतीबिच लाउड स्पिकरमा धन्किने गीतले मुग्ध बनाउँछ । बज्छ- 'इएह छी हमर जनकपुर, ई सीता के जनकपुर ।' मन्त्रोच्चारणको समयमा हात जोडेर प्रार्थना गर्नेहरू यो गीत बज्दा ताली बजाएर सँगसँगै गुनगुनाउन र नाच्न थाल्छन् । यो गीतले गंगा आरतीको पवित्रता, मिथिलाको सुन्दर सभ्यता, प्रकृति प्रेम, संस्कार, रीतिरिवाजलाई समेटेको छ । सुन्दा यस्तो लाग्छ - यहाँ आरती मात्र हुँदैन, आस्थाको गंगासागर बर्सिन्छ । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/Dharma-Saskriti/maha-ganga**

## लोप हुँदैछ थारू समुदायको 'ढुम्रा' नाच

थारू समुदायले माघीको अघिल्लो दिन अर्थात् पुसको अन्तिम दिन रातभर ढुम्रा नाच्ने चलन थियो । गाउँका थारू समुदायका अगुवा वा महतवाको घरमा जम्मा हुने र रातभर ढुम्रा गीत गाउने र नाच्ने गर्थे । गीत गाउने, नाच्ने र रातभर आगो ताप्ने चलन थियो । 'यो हाम्रो संस्कार हो,' थारू अगुवा आशाराम चौधरीले भने, 'रातभर नाचगान गर्ने र बिहान त्यही ढुम्रा गीत गाउँदै नदी तथा खोलामा गएर नुहाउने गरिन्थ्यो ।

नुहाइसकेपछि महतवाले सबैलाई टीका लगाइदिने र पुनः महतवाकै घरमा पुग्ने चलन थियो ।' महतवाका घरमा पुगेपछि सबै आआफ्नो घरमा जाने चलन भए पनि पछिल्लो समय यो चलन हराउँदै गएको थारू अगुवा चौधरीले बताउँछन् ।' पुर्खाहरूले यस्तो चलन अपनाउनुहुन्थ्यो,' उनले भने, 'तर अहिले नयाँ पुस्ताले यो कुरा चटक्कै छोड्नुभएको छ ।' बाँकी...

स्रोत : **https://ekantipur.com/pradesh-5/2026/01/11/the-dhumri-d**

## झिल्टुङमा महाकविको खाट खोज्दै झिल्टुङ !

महाकवि लक्ष्मीप्रसाद देवकोटाले 'कुञ्जिनी' खण्डकाव्य र 'पहाडी जीवन' निबन्धमा चर्चा गर्नुभएको गाउँ हो, झिल्टुङ । त्यसपछि नै नेपाली साहित्यका पाठकले झिल्टुङ सुने, बुझे र जाने ।

महाकविको मामाससुराली गाउँ पनि रहेछ, झिल्टुङ । युवा स्रष्टा प्रतीक घिमिरेको झिल्टुङ जाने प्रस्तावमा यात्राको तारतम्य मिल्न पुग्यो । एउटा माइक्रो बसमा २०८२ पुस १९ गते यात्राको तारतम्य मिल्यो । यात्रा भनेपछि मेरो मन त्यसै त्यसै फुर्फुरिन्छ । बिहान सबेरै आँखा खुले पनि शरीर ओछ्यानमै थियो ।

पुसको उपद्रो जाडो कसै गरी पनि शरीरबाट ओढ्ने हटाउन दिँदैन । जाडोसँग जोरजबरजस्ती गर्दै दिनभरका लागि न्यानो ओढ्नेसँग अनायास सम्बन्धविच्छेद गरेर ओछ्यानबाट बाहिरिन्छु । लमकलमक लम्किन्छु, चक्रपथ सडकमा । उताबाट राजन पुडासैनीको फोन आउँछ । मेरो कानमा राजनको स्वर गुञ्जिन्छ, "लीला सर ! कता हुनुहुन्छ ? हामी माछा पोखरीबाट हिँड्यौं है ! रातो माइक्रो रन्किएर आउँदै छ ।" बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/188314**

## क्यानभासमा पोखिएका हिटी संस्कृति

पाटन म्युजियम ग्यालरीमा एउटा विशेष सामूहिक कला प्रदर्शनी भर्खरै सम्पन्न भएको छ । परम्परागत हिटी (ढुङ्गेधारा) लाई मुख्य विषय बनाइएका २० जना कलाकारका चित्र प्रदर्शनीमा राखिएका थिए । यी सबै समसामयिक कलाकार हुन् ।

यसर्थ पनि सबै चित्र आफैँमा आधुनिक थिए । विषय चाहिँ परम्परागत हुँदा पनि यो घटना आफैँमा आधुनिकता अनि परम्पराको गजबको सङ्गम पनि बन्यो । भन्नैपर्दा पाटनमा अवस्थित दरबार स्क्वायर पर्यटकका लागि मात्र केन्द्रविन्दु बनेको होइन । ललितपुरवासीको, अझ भनौं सबै नेपालीका लागि यो दरबार जिउँदोजाग्दो परम्पराको दस्तावेज पनि हो । यस्तो ऐतिहासिक दरबारको पुरानो साँघुरिएको लाम्चो अँध्यारो कोठामा कला प्रदर्शनमा आउँदा पनि आफैँमा गौरवको अनुभूत हुन्थ्यो । हिटी आफैँमा परम्परागत धरोहर त हुँदै हो । अझ आममान्छेको जीवन बोकेको जीवन्त अवयव पनि हो । हिटी आफैँ एउटा कला हो ।

अझ यसैलाई विम्ब मानी अर्को कला सिर्जना हुँदा पनि यो कार्यक्रम अझ रोचक बनेको थियो । कलाकारले आआफ्ना कल्पनामा हिटीलाई बुनी बस्दा अचम्म अचम्मका रूप देखिन्थ्यो । अनेक जीवजन्तुको काल्पनिक यथार्थ विम्ब गाँसेर प्रस्तुत गर्दा कला आफैँ अनुपम सौन्दर्यसाथ उजागर भएको देखिन्थ्यो । कलाकारको यो कलाकारिताले भावक भावुक भएका मात्र देखिँदैनथे, कलाको रसास्वादन पनि गरिरहेका देखिन्थे । विभिन्न प्रकारका हिटी समायोजन भएको यो कला प्रदर्शनी मूलतः नेपालको हिटी-परम्परा, यसको संरक्षण र महìवबारे आममान्छेको सचेतना जगाउनु पनि यसको मुख्य ध्येय थियो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/188312**

## संस्कृत पढ्दै दलित विद्यार्थी

गुरुकुलसहितको संस्कृत भाषा पढाइ हुने सुदूरपश्चिमकै अग्रणी सरस्वती संस्कृत माध्यमिक विद्यालयमा ३९ वर्षदेखि दलित समुदायका विद्यार्थीले संस्कृत पढ्दै आइरहेका छन्। यहाँ २०४३ सालदेखि संस्कृत पढ्दै आइरहेका दलित विद्यार्थीलाई छात्रवृत्ति, पोसाक जस्ता विषयमा अहिलेसम्म कतैबाट पनि प्रोत्साहन भने मिल्न सकेको छैन।

दशरथचन्द नगरपालिका-६, नकतडीमा रहेको सरस्वती संस्कृत माविमा हरेक वर्ष २० देखि ३० जना संस्कृत पढ्ने विद्यार्थी दलित समुदायका हुन्छन्। विद्यालयमा कक्षा ६ देखि १० सम्म संस्कृत विषयको पढाइ हुन्छ। संस्कृत पढ्ने आधाजति त दलित समुदायका विद्यार्थी छन्। यो वर्ष कक्षा ६ देखि १० सम्म संस्कृत पढ्ने ६९ जना विद्यार्थीमध्ये २४ जना दलित समुदायका रहेको शिक्षक दानसिंह कार्कीले

बताउनुभयो। तल्लो कक्षामा जेनतेन टिकाएर संस्कृत पढाए पनि कक्षा १० उत्तीर्ण गरेपछि अधिकांश दलित विद्यार्थी माथिल्लो कक्षाको पढाइ छाडेर रोजगारी खोज्न भारत जाने गरेका छन्।

सरकारले कक्षा ६ देखि १० सम्म संस्कृत पढाउन विद्यार्थीमाथि ठुलै लगानी गरे पनि आर्थिक अभावकै कारण माथिल्लो पढाइ गर्न नसक्ने विद्यार्थीलाई स्थानीय तह र दलित अधिकारका क्षेत्रमा काम गर्ने कुनै पनि संस्थाले सहयोग नगरेको उहाँको गुनासो छ। यस विद्यालयमा संस्कृत व्याकरण, साहित्य, श्लोक, मन्त्रलगायत नेपाल सरकारले तयार गरेको पाठ्यक्रम अनुसार पढाइ हुने गरेको प्रधानाध्यापक हरिशरण उपाध्यायले बताउनुभयो। उहाँले सरस्वती संस्कृत माविमा कक्षा १० सम्म भएकाले ११ र १२ मा संस्कृत पढ्न चाहने विद्यार्थीको सपना पूरा हुन नसकेको बताउनुभयो। बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/188435**

## माघे संक्रान्ति नजिकिएसँगै बढ्यो तरुलको कारोबार

माघे संक्रान्ति पर्व नजिकिएसँगै काठमाडौंको कालीमाटी तरकारी बजार लगायत उपत्यकाका अन्य बजारहरूमा समेत तरुल तथा अन्य कन्दमूलको बिक्री बढ्न थालेको छ ।

१ माघमा मनाइने यो पर्वमा तरुल, सखरखण्ड, पिँडालु लगायतका कन्दमूल विशेष परिकारका रूपमा खाने परम्परा छ । जसका कारण काठमाडौं उपत्यकाका बजारमा पनि यी खाद्य वस्तुहरूको माग ह्वात्तै बढेको हो । कालीमाटी फलफूल तथा तरकारी बजार विकास बोर्डका अनुसार माघे संक्रान्ति नजिकिएसँगै सर्लाही, धादिङ, नुवाकोट, सिन्धुपाल्चोक लगायत जिल्लाबाट ठूलो परिमाणमा तरुल तथा कन्दमूल भित्रिने क्रम बढेको छ । बजारमा वन तरुल, घर तरुल, सिमल तरुल, हात्तीपाइले तरुल, पातले तरुललगायत विभिन्न प्रजातिका तरुल उपलब्ध छन् । बाँकी...
स्रोत : **https://www.onlinekhabar.com/2026/01/1847781/as-maghe-sankranti-ap**
स्रोत : **https://ekantipur.com/news/2026/01/15/makar-maghe-sankranti**

## माघी पर्वले राष्ट्रिय एकता बलियो बनाउँछः अध्यक्ष दाहाल

राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले माघी पर्वले राष्ट्रिय एकता, धार्मिक एव सामाजिक सद्भाव एक-अर्काको पहिचान र भिन्न संस्कृतिको सम्मानमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभएको छ । उहाँले  थारू समुदायको माघी पर्व तथा मगर समुदायलगायत आ-आफ्नो ऐतिहासिक मान्यता र संस्कृतिअनुसार विभिन्न समुदायले मनाउने माघे सङ्क्रान्तिको सुखद अवसरमा शुभकामना व्यक्त गर्दै यस्तो बताउनुभएको हो । बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/188026**

## मगर समुदायको सांस्कृतिक उत्सव

मगर समुदायले पनि आज माघे संक्रान्ति मनाएको छ । राजधानीको टुँडिखेलमा उनीहरुले धुमधामका साथ यो पर्व मनाए । बाँकी... स्रोत : **https://ekantipur.com/photo_feature/2026/01/15/cultural-festiv**

## स्वर्गद्वारी तीर्थस्थल : प्युठानको गौरव, नेपालको धरोहर

स्वर्ग जाने बाटो कहाँ होला ? धार्मिक आस्थाले भरिएको यो प्रश्नको उत्तर खोज्न हजारौं भक्तजन हरेक वर्ष लुम्बिनी हुँदै प्युठानको स्वर्गद्वारी यात्रामा निस्कन्छन् ।

हरियालीले ढाकिएको पहाडी भेग, धौलागिरि, अन्नपूर्ण र माछापुच्छ्रे हिमशृंखलाको मनमोहक दृश्य, शान्त वातावरण र श्रद्धाले भरिएको स्वर्गद्वारी साँच्चै आस्थाको यात्राका लागि अनुपम गन्तव्य हो । यहाँको हरियो वन, शीतल बतास, सतयुगदेखि जलिरहेको यज्ञकुण्ड, ऐतिहासिक गुफा र अखण्ड वेदपाठले आगन्तुकलाई गहिरो आध्यात्मिक ऊर्जा प्रदान गर्छ ।

बिहानको घामले हिमालमा फैलाउने सुनौला किरणले स्वर्गद्वारीलाई स्वर्गको प्रवेशद्वार जस्तै अनुभूति गराउँछ । नेपालका सात प्रमुख धाममध्ये एक मानिने स्वर्गद्वारी हिन्दु धर्मावलम्बीहरूका लागि महत्वपूर्ण तीर्थस्थल हो । भनिन्छ, पशुपतिनाथको दर्शनपछि यदि स्वर्गद्वारीको यात्रा गरिएन भने तीर्थयात्रा अपूर्ण रहन्छ । महाभारतकालीन किंवदन्तीअनुसार, पाँच पाण्डवहरूले यहीं यज्ञ गरेका थिए र यहींबाट स्वर्ग गएका थिए । यही कारणले गर्दा स्वर्गद्वारीलाई 'स्वर्ग जाने बाटो' भनिन्छ । स्वर्गद्वारी नगरपालिका-२, खालस्थित यस आश्रममा दैनिक पूजाआजा, भजन-कीर्तन र धार्मिक अनुष्ठानहरू गुञ्जन्छन् । यहाँ हिन्दु धर्मका प्रमुख अनुष्ठान- यज्ञ, पूजा, वेद पाठ निरन्तर भइरहन्छन् । तीर्थयात्रीहरूको दृढ विश्वास छ, स्वर्गद्वारी पुग्नासाथ मनोकांक्षा पूरा हुन्छ र जीवनमा नयाँ ऊर्जा प्रवाहित हुन्छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/01/1850999/swargadwari-pilgrimag**

## एक लाख पचास हजारले गरे मकरस्नान

सुनसरीको वराहक्षेत्र मन्दिरको सप्तकोशीमा यस पटक एक लाख ५० हजारभन्दा बढी भक्तजनले मकरस्नान गरेका छन् । प्रत्येक वर्ष माघ १ गते मकरस्नान गर्न श्रद्धालु वराहक्षेत्र आउने गरेका छन् ।

धनु राशिबाट सूर्य मकर राशिमा प्रवेश गर्ने दिन भएकाले मकरस्नान गर्न टाढा टाढादेखि भक्तजन आउने गरेको वराहक्षेत्र मन्दिर गुठी व्यवस्थापन समितिले जनाएको छ । स्थानीय पण्डित योगेश भण्डारीका अनुसार माघ १ बाट सूर्य मकर राशिमा प्रवेश गर्ने र सूर्य उत्तरायण हुन्छ । आजकै दिन देवताहरू जागृत हुने भएकाले ठुला तीर्थ र तलाउमा गएर स्नान गर्दा हजार गुणा बढी पुण्य मिल्ने भएकाले मकरस्नान गरिँदै आएको छ । उहाँ भन्नुहुन्छ, "आजको दिन वराहक्षेत्रस्थित कोकाहा कौशिकीमा स्नान गरे विगतमा गरेका गल्तीबाट मुक्ति र धन्य भइने मान्यता रहेको छ ।"

आजैबाट उत्तरायण सुरु हुने विशेष दिन भएकाले आज धर्तीको पहिलो तीर्थ वराहक्षेत्र मन्दिरको दर्शन र सप्तकोशीमा स्नान, जप, ध्यान, दान गर्नाले पुण्य प्राप्ति हुने विश्वासका साथ श्रद्धालु वराहक्षेत्र आउने गरेको मन्दिर गुठी व्यवस्थापन समितिका अध्यक्ष भक्तबहादुर श्रेष्ठले बताउनुभयो । मकरसङ्क्रान्ति ( माघ) १ गते लाग्ने मेलामा नेपाल र भारतबाट आएका तीर्थालुले मकरस्नान गरेर वराह भगवान्को दर्शन गरेको जनाइएको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/188177**

## सदाबहार बन्दै चाकुका परिकार

माघेसङ्क्रान्तिका लागि नभई नहुने नेपाली मिठाईको परिकार चाकुका विविध परिकार संस्कार, संस्कृतिसँगै जोडिएको परिकारमध्येको एक हो । विशेष गरी माघेसङ्क्रान्तिका दिन हरेक नेपालीको घर घरमा 'चाकु' का विविध परिकारसँगै तरुल, घिउ, पिडालु उसिनेर खाने प्रचलन छ ।

समयसँगै सांस्कृतिक महत्वको परिकारको प्रवर्धन पनि फरक फरक मिठाईका साथ व्यावसायिक पनि बन्दै गएको छ । चाकुका परिकारका लागि चर्चित टोखाका चाकु व्यवसायीले जाडो मौसममा खाइने परम्परागत, गुणकारी मिठाईका रूपमा बनाउँदै आएका चाकुलाई हाल विभिन्न मसलाको मिश्रणसहित चकलेटका नयाँ नयाँ स्वरूप, डिजाइन र प्याकिङसहित उपभोक्तामाझ ल्याइरहेका छन् । बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/188144**

## सांस्कृतिक कार्यक्रमसहित मनाइयो माघेसङ्क्रान्ति

मगर समुदाय र थारू समुदायले बिहीवार राजधानीमा विविध सांस्कृतिक कार्यक्रमसहित माघेसङ्क्रान्ति र माघीपर्व मनाएका छन् । सङ्क्रान्तिका दिन देशभर हरेक जाति समुदायले घर घरमा चाकु, तरुललगायत विविध परिकार खाएर उक्त पर्व मनाएका हुन् । सो अवसरमा नेपाल मगर सङ्घ केन्द्रीय समितिको आयोजना र विभिन्न सङ्घ संस्थासँगको सहकार्यमा मगर समुदायले भृकुटीमण्डपबाट टुँडिखेलसम्म सांस्कृतिक -याली निकाले । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/188145**

## पश्चिम नेपालमा माघी र माघे संक्रान्तिको रौनक

पश्चिम नेपाल अर्थात् प्रदेश ५ मा माघी र माघे संक्रान्तिको रौनक छाएको छ । प्रदेश ५ मा विशेषगरी थारु र मगर समुदायले माघी/माघे संक्रान्तिलाई मुख्य चाडका रुपमा धुमधामका साथ मनाउने गर्छन् ।

माघ १ लाई थारु समुदायले नयाँ वर्ष प्रारम्भका रूपमा माघी नामले मनाउने गर्छन् भने मगर र खस आर्यले माघे संक्रान्तिका रुपमा । पश्चिम नेपाल थारु र मगर वाहुल्य प्रदेश हो । मगर समुदायले यो पर्वलाई माघ्या र सेर्ल्हेस पनि भन्छन् । प्रदेश ५ सरकारले समेत माघी/माघे संक्रान्ति मनाउनका लागि दुई दिन सार्वजनिक विदा दिएको छ । बाँकी...
स्रोत : **https://www.onlinekhabar.com/2020/01/828629**

## माघ संक्रान्तिका धार्मिक र सामाजिक मान्यता

माघ १ गते माघे संक्रान्ति, घ्यूचाकु खाने पर्वका रूपमा मनाइन्छ । यस दिनलाई मकर संक्रान्ति पनि भनिन्छ र यस दिनमा नारायणी नदी किनार देवघाटमा मेला लाग्छ । शंखमूल बागमती नदीमा माघ १ गतेदेखि मेला सुरु हुने गरेको थियो तर अहिले हटेको छ ।

किरातहरूको नयाँ वर्ष पनि सुरु हुन्छ (किराती यलेम्वर सम्वत) । मगर र थारू पर्व पनि हो यो । गुल्मीको रिडी नदीमा मेला लाग्छ । गुरुङ, क्षेत्री, नेवार, बाहुन सबै नेपालीहरूले पूर्वदेखि पश्चिम, उत्तरदेखि दक्षिणसम्म यो पर्व मनाउँछन् । माघ महिनामा गुरुङहरूको कुलयान पूजा गरिन्छ । बाँकी...
स्रोत : **https://ehimalayatimes.com/2023/01/81053/**

## माघे संक्रान्ति पर्व : बर्दियाका थारू गाउँबस्ती उल्लासमय

यस वर्ष माघे संक्रान्तिमा बर्दियाका थारू गाउँघबस्ती निकै रमाएको छ । अध्ययन, रोजगार र व्यापारको सिलसिलामा विदेशिएकाहरू माघी मनाउन गाउँ फकिएका छन् । गाउँगाउँमा माघीको मादल गुञ्जिएको छ । थारु समूदायको नयाँ वर्षको शुरुवात र धार्मिक महत्वको चाड हो माघी । यतिबेला गाउँबस्तीमा थारु नाच र गीतको गुञ्जन छ । बाँकी...

स्रोत : **https://kantipurtv.com/news/2026/01/15/1768482652.html**

## नयाँ वर्ष मनाउँदै किरात समुदाय

किरात समुदायका लिम्बु राई, याक्खा र सुनुवारले बिहीबार नयाँ वर्ष मनाइरहेका छन् । माघे संक्रान्तिसँगै किराती पात्रोमा सम्वत फेरिने भएकाले माघ १ गतेका दिन पूर्वी नेपाल थातथलो भएर देशविदेशमा पुगेका लिम्बु समुदायले किरात नयाँ वर्ष धुमधाम साथ मनाउने गरेका छन् ।

किराती पात्रो अनुसार यो वर्षको माघ १ गतेदेखि किरात सम्वत् ५०८६ सुरु भएको छ । यो सिजनमा संक्रान्तिदेखि उच्च पहाडी क्षेत्रमा पाइने चाप प्रजातिको फूल फुल्न सुरु हुन्छ । त्यसैले लिम्बु समुदायले माघे संक्रान्तिलाई ककफेवा तङनाम भनेर भन्ने गर्छन् । लिम्बु भाषामा कक भनेको चााप, फेवा भनेको फूल्ने र तङनाम भनेको सिजन अर्थात् ककफेवा तङनाम भनेको चााप फूल्ने सिजन हो । बाँकी...

स्रोत : **https://ekantipur.com/pradesh-1/2026/01/15/kirat-commun**

## थारु समुदायमा नयाँ वर्षको उत्साह, गाउँको नयाँ नेतृत्व चयन

सुदूरपश्चिमको तराई क्षेत्र, विशेषगरी कैलाली र कञ्चनपुर जिल्लामा बसोबास गर्ने थारु समुदायको घर-आँगनमा अहिले माघी पर्वको रौनक छाएको छ ।

थारु समदायले माघीलाई एक पर्वका रूपमा मात्र नभई आफ्नो नयाँ वर्षको रूपमा समेत धूमधामसँग मनाउँदैछन् । पुसको कठ्याङ्ग्रिदो जाडोको बेवास्ता गर्दै गाउँबस्तीमा माघीको उल्लास छाएको छ । एक हप्ता अघिदेखि नै सुरु भएको तयारीले अहिले मूर्त रूप लिएको छ ।

माघीको तयारी पुस लाग्नेबित्तिकै सुरु भए पनि विशेष तयारी भने माघे संक्रान्तिको एक हप्ता अघिदेखि तीव्र हुन्छ । धनगढी उपमहानगरपालिका वडा नम्बर १ की स्थानीय विपनी चौधरीका अनुसार यो समयमा थारु महिलाहरूलाई माघीको तयारी गर्न भ्याइनभ्याइ हुन्छ । 'हामीले हरेक वर्ष पुसको अन्तिम दिनदेखि माघ ३ गतेसम्म धुमधामका साथ माघी मनाउँछौं । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/537122/new-y**

## सखर बनाउने चटारोमा सर्लाहीका किसान, भन्छन्- चिनी मिलको उधारो ६७५ भन्दा क्रसरको नगद ६०० नै प्यारो

माघे संक्रान्ति नजिकिएसँगै सर्लाहीका उखु किसानलाई यतिबेला सखर ( गुड ) बनाउने भ्याइनभ्याइ छ । चाडपर्वको मुखमा नगदको आवश्यकता टार्न किसानहरू सरकारी दररेट र चिनी मिलको आकर्षक मूल्य छोडेर स्थानीय 'क्रसर' उद्योगलाई उखु बेच्न थालेका छन् ।

हाल चिनी मिलहरूले उखुको मूल्य प्रतिक्विन्टल ६७५ रुपैयाँसम्म दिने गरेका छन् । तर, स्थानीय सखर उद्योग (क्रसर) ले भने प्रतिक्विन्टल ६०० रुपैयाँ मात्र दिन्छन् । क्विन्टलमै ७५ रुपैयाँको घाटा खाएर पनि किसानहरू स्थानीय उद्योगमै आकर्षित हुनुको मुख्य कारण हो 'भुक्तानीको समय' । चिनी मिललाई उखु बेच्दा भुक्तानी पाउन ७ देखि ८ महिना कुर्नुपर्ने बाध्यता छ ।

उता, स्थानीय सखर उद्योगले भने १५ देखि २० दिनभित्रै नगद भुक्तानी दिने गरेका छन् । "मिललाई उधारो दिएर महिनौँ कुर्नुभन्दा, अलि सस्तोमै भए पनि १५ दिनमा पैसा आउँदा घरखर्च र चाडपर्व टार्न सजिलो हुन्छ," एक स्थानीय किसानले बताए । बाँकी...
स्रोत : **https://nepalnews.com/2026/01/14/sarlahi-farmers-in-a-hurry-to-**

## हिलेमा सांस्कृतिक कार्यक्रम, मुगामा गोरु जुधाइ प्रतियोगिता

धनकुटा जिल्लाका विभिन्न स्थानमा माघे संक्रान्ति पर्व परम्परागत र सांस्कृतिक रूपमा उल्लासपूर्वक मनाइदै छ ।

माघे संक्रान्तिको अवसरमा जिल्लाका विभिन्न मठ-मन्दिर, नदी तथा धारामा बिहानैदेखि भक्तजनको भीड लागेको छ । धनकुटाको मुलघाट, तेलिया खोला, छरुवाखोला तमोरनदीको संगम त्रीवेणी, लेगुवा, बाघे खोला, हिले र मुगालगायत स्थानमा बिभिन्न कार्यक्रम गरेर माघी मनाइँदैछ । बाँकी...
स्रोत : **https://ekantipur.com/pradesh-1/2026/01/15/cultural-program-**

## म्याग्दीका मगर समुदायले धुमधामका साथ मनाए माघेसङ्क्रान्ति पर्व

म्याग्दीमा बसोबास गर्दै आइरहेका मगर समुदायले बुधवार धुमधामका साथ माघेसङ्क्रान्ति पर्व मनाएका छन् । माघेसङ्क्रान्ति पर्वको अवसरमा आफ्नो जातीय भेषभूषामा सजिएर मगर समुदायले सोरठी, पुर्ख्यौली, सालैजो, यानीमाया, ख्याली भाकासहित विभिन्न लोकगीत र नृत्यहरुमा छमछमी नाच्दै पर्व मनाएका हुन ।

माघेसंक्रान्ति पर्वलाई मगर समुदायले ठूलो चाडका रुपमा लिने गर्दछन् भने सोहीअनुसार उनीहरुले मनाउँदै आएका छन् । जनजातिहरूको बाहुल्यता भएको जिल्ला म्याग्दीमा मगर समुदायले माघेसंक्रान्ति पर्वलाई शुभकामना आदानप्रदानसहित विविध सांस्कृतिक कार्यक्रमको आयोजना गरी भव्य रुपमा मनाएका छन् । मगर भेषभूषामा सजिएका युवायुवती र बुढापाकाहरुसहितको च्यालीमा सालैजो भाकासँगै युवायुवतीहरु छमछमी नाचेका थिए । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/01/15/748359/**

## आज माघे संक्रान्ति पर्व मनाइँदै

प्रत्येक वर्ष सौर मासअनुसार माघ महिनाको पहिलो दिन मनाइने माघे संक्रान्ति पर्व आज देशभर स्नान, जप, तप, ध्यान साधना, दान आदि गरी मनाइँदै छ। सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने भएकाले माघ १ गतेलाई मकर संक्रान्ति पनि भनिन्छ। माघे संक्रान्ति अर्थात् माघी पर्वको अवसरमा सरकारले आज देशभर सार्वजनिक विदा दिएको छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2021/01/923607/**

## माघपर्व थारू बस्तीमा गुन्जिँदै सखिया

**माघ लहैली सुरिक सिकार खैली रे हा**
**सखिय हो माघक पिली गुरिगुरी जार।**

थारूबहुल गाउँबस्तीमा यिनै भाका गुन्जिरहेका छन् तथापि माघेसङ्क्रान्तिलाई माघ, माघी, तिलासङ्क्रान्ति, मकरसङ्क्रान्ति, खिचरापर्वका रूपमा नेपाली समाजमा मनाइन्छ। खास गरी मगर, थारू, नेवार, छन्त्याल, थकालीलगायत जातिले आफ्नै तरिकाले यो पर्व मनाउँछन्। तराईमा तिलासङ्क्रान्ति वा खिचरापर्वका रूपमा मनाइन्छ। नेवार समुदायले 'घ्यः चाकु सन्हु' पर्वका रूपमा मनाउँछन्।

धनु राशिबाट मकर राशिमा सूर्य प्रवेश गर्ने भएकाले माघेसङ्क्रान्तिलाई मकरसङ्क्रान्ति पनि भनिन्छ। माघेसङ्क्रान्तिमा चितवनको देवघाट, सुनसरीको वराहक्षेत्र, सिन्धुलीको कमलामाई स्थान, नुवाकोटको देवीघाट, बर्दियाको ठाकुरद्वारा, रिडीको रुरु क्षेत्रलगायत स्थानमा मेला लाग्ने गरेको छ। माघपर्व थारू जातिको मौलिक संस्कृति, परम्परा र पहिचान बन्दै आएको छ। माघपर्वका अवसरमा मिठोमसिनो खाने, दिदीबहिनीलाई निस्राउ (उपहार) दिने, नाचगान गर्ने तथा परिवारजन र आफन्तबिच खुसी साटासाट गर्ने चलन छ।

यस समयमा धुमरु गाउने, डफ बजाउने, मघौटानाच, छोक्रानाच जस्ता परम्परागत नाच नाच्ने गरिन्छ। यतिबेला 'सखियै हो, माघक पिली गुरीगुरी जाँरु...' भन्ने गीत सबैको मुखमा झुन्डिएको हुन्छ। माघपर्व खास गरी माघ महिनाको पहिलो हप्तासम्म मनाउने गरिन्छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/188328**

## माधवनारायण स्वस्थानीका व्रतालुहरू परदेश यात्रामा, आज बिहान पशुपतिमा पूजा

एक महिने स्वस्थानी व्रतको परम्परा अनुसार व्रतालुहरू परदेश यात्रा अन्तर्गत आज बिहान पशुपतिमा पूजा गरेका छन्। बागमती नदीमा स्नान गरेर उनीहरूले नित्य पूजा गरेका हुन्।

पौराणिक सहर साँखुमा सुरू भएको माधवनारायण स्वस्थानीका व्रतालुहरू मंगलबार साँझै पशुपतिनाथ आएका हुन्। एक महिने माधवनारायण स्वस्थानीका व्रतालु अनुष्ठानकर्ताहरू एवम् रितले उपत्यकाका अन्य नदी तलाउमा पनि यसैगरी पूजापाठ तथा स्नान गर्छन्। पौष शुक्ल पूर्णिमादेखि सुरू भएको व्रत माघ शुक्ल पूर्णिमासम्म लाग्नेछ। माधवनारायणको व्रत बस्ने व्रतालुले पूर्णिमाको अघिल्लो दिन हातरगोडाको नङ काटी, एकचित्त भई, निराहार बस्ने, पूर्णिमाको बिहानै नदीमा स्नान गरी पूजा गर्ने, शङ्खजल ग्रहण गरी मन्त्रोच्चारण गर्ने प्रचलन छ। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/537968/devotees-of-madhav-narayan-swasth**

## स्वस्थानीका ब्रतालुद्वारा बागमतीमा स्नान

पशुपतिमा रहेको बागमती नदीमा भगवान् माधव नारायण र देवी स्वस्थानीका बर्तालुहरूले पवित्र स्नान गरे । प्राचीन शहर साँखुबाट बर्तालुहरू पशुपतिनाथ आइपुगेका थिए । बाँकी...

स्रोत : **https://ekantipur.com/photo_feature/2026/01/18/swas**

## स्वस्थानी र माधवनारायण व्रतालुको परदेश यात्रा

स्वस्थानी र माधवनारायणका व्रतालुहरू परदेश यात्रामा निस्किएका छन् । व्रतालुले माघ कृष्ण त्रयोदशीदेखि परदेश यात्रा सुरु गर्छन् । माघ शुक्ल एकादशीका दिन साँखुबाट चाँगुनारायणको यात्रा गरिन्छ । भोलिपल्ट चाँगुबाट साँखु फर्कने परदेश यात्राको नियम छ ।

त्यसअघि पहिलो दिन शालीनदीबाट बज्रयोगिनी ढोकासम्म साष्टाङ्ग दण्डवत् गर्दै जानुपर्छ । माघकृष्ण चतुर्दशीका दिन साँखुबाट बज्रयोगिनी र पशुपति गइन्छ । त्यसको भोलिपल्ट पशुपतिबाट फर्पिङ बास हुन्छ । अर्को दिन फर्पिङबाट साँखु बास बसिन्छ । माघ शुक्ल प्रतिपदामा यात्रा सकिन्छ ।

माघ शुक्ल तृतीयादेखि फेरि साँखुबाट पनौती पुगी एक रात बसिन्छ । भोलिपल्ट पनौतीबाट साँखु फर्कने परम्परा छ । साँखुमा श्रीपञ्चमी र लगला सप्तमी पर्व मनाइन्छ । माघ शुक्ल नवमी अर्थात द्रोण नवमीका दिन व्रतालुलाई खीर खुवाउने प्रचलनसमेत छ । स्वस्थानीका व्रतालु महिलाहरूले रातो र माधवनारायणका पुरुष व्रतालुले सेतो वस्त्र मात्र लगाउनुपर्ने परम्परा छ । व्रतालुले एक महिनाभर नुन बार्ने र दूध, घिउ, चाकु, रातो मुला, सुन्तलाजस्ता खानेकुरा मात्र खाने गर्दछन् । व्रतालुले मन्त्रोच्चारण गरी शंखजल ग्रहण गरेपछि कसैलाई पनि छुन नहुने, जुत्ता लगाउन नहुने परम्परा छ । माधवनारायणका व्रतालुहरू घस्रिँदै मन्दिरसम्म पुग्ने परम्परा छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/01/1851057/swasthani-an**

## धादिङमा जुधाइयो सय हल गोरु

माघे सङ्क्रान्तीको दिन आज धादिङमा एक सय हल गोरु जुधाइएको छ । कृषि कर्मका लागि पालिएका गोरुलाई माघे सङ्क्रान्तिको दिन जुधाउने सांस्कृतिक परम्पराअनुसार जुधाइएको हो ।

त्रिपुरासुन्दरी गाउँपालिकाको मूलपानीमा १४, लाइगाउँमा १०, नीलकण्ठ नगरपालिकाको धुवाकोट-९, खाल्टेमा सात, मर्स्याङछापमा पाँच, सुनौलाबजारमा आठ, खनियाबासको दार्खा १७, मार्पकमा चार, फुलखर्कमा ११, बुढाथुममा नौ र ज्वालामुखीको मैदीमा छ हल गोरु जुधाइएको आयोजकहरुले जानकारी दिएका छन् ।

जनावर जुधाएर आनन्द लिने मानिसको यो परम्परासँग ऐतिहासिक महत्व  जोडिएको मूलपानीका शम्भु थापाले बताए । रसुवा, नुवाकोट र धादिङ तीनै जिल्लामा गोरु जुधाउने यो परम्परा नेपाल र तिब्बतबीचको भोट सन्धी १९४९ सँग जोडिएको छ । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/01/15/748359/**

## आज बालाचतुर्दशी, शिवालयहरूमा शतबीज छरिँदै

पशुपतिनाथको मणि मुकुट, कबज, एकमुखे रुद्राक्षलगायत प्राचीन सामग्रीको प्रदर्शन गरिँदै छ। पशुपति क्षेत्र विकास कोषले प्रत्येक वर्ष मार्गशीर्ष कृष्ण त्रयोदशी र मार्गशीर्ष कृष्ण आमावास्याका दिन नागमणि, मुकुट, कबज, एकमुखे रुद्राक्षलगायत प्राचीन महत्वका गरगहना आदि सामग्री सर्वसाधारणलाई देखाउने परम्परा छ ।

यही परम्पराअनुसार आज बिहान १०:०० देखि ११:३० बजेसम्म सुरक्षा निकायको सहयोग लिएर नागमणि, मुकुट, कबज, एकमुखे रुद्राक्षलगायत प्राचीन महत्वका गरगहना देखाउन लागिएको कोषका निमित्त सदस्यसचिव सुभाषचन्द्र जोशीले जानकारी दिए । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/524518/nagama**

## ल्होसार महोत्सव तथा फुड फेस्टिवल प्रारम्भ

उदयपुरको बरुवा बसपार्कमा तामाङ ल्होछार महोत्सव तथा फुड फेस्टिबल भव्य रूपमा सुरु भएको छ । नेपाल तामाङ घेदुङ उदयपुर र त्रियुगा नगर समितिको संयुक्त आयोजनामा भएको यो महोत्सवले तामाङ समुदायको नयाँ वर्ष (घोडा वर्ष) को उत्सवलाई जीवन्त बनाएको छ ।

त्रियुगा नगरपालिकाका नगरप्रमुख वसन्त बस्नेतले महोत्सवको औपचारिक उद्घाटन गर्नुभयो। आयोजक नेपाल तामाङ घेदुङ उदयपुरका अध्यक्ष फडिन्द्र तामाङका अनुसार यो महोत्सव सात दिनसम्म सञ्चालन हुनेछ । कार्यक्रममा बोल्दै त्रियुगा नगरपालिकाले मगर, तामाङ, थारु, दनुवारलगायत सबै जातजातिको भाषा, धर्म र संस्कृतिको संरक्षणमा प्रतिबद्ध रहेको बताए । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/01/18/748867/**

## Nepali Hindus celebrate Maghe Sankranti Festival in Kathmandu

A girl prepares before taking part in a parade celebrating the Maghe Sankranti Festival in Kathmandu, Nepal, Jan. 15, 2026. Nepali Hindus celebrate the festival across the country, during which people take a ritual bath at river confluences, offer prayers at temples and enjoy traditional delicacies. बाँकी...

स्रोत : **https://english.news.cn/20260115/b0a8ad3278794e0f8c479f84ddb66fe2/c.html**

## Maghe Sankranti: Magar Community Rally in Kathmandu (Photos)

On the occasion of Maghe Sankranti, members of the Magar community living in Kathmandu organised a cultural rally.

The rally was organised by the central committee of the Nepal Magar Association, with the participation of various organisations. Magars residing in the Kathmandu valley took out the cultural procession on thursday, marching from Bhrikutimandap to Tundikhel. Maghe Sankranti is regarded as a special festival among the Magar community, particularly one that honours daughters and sisters. बाँकी...

स्रोत : **https://english.onlinekhabar.com/maghe-**

## Maghe Sankranti being observed across the country

Maghe (Makar) Sankranti is being observed across the country today with ritual bathing, prayers and traditional festivities, marking the sun's transition into Capricorn and the beginning of Uttarayan, when days start growing longer than nights.

Devotees are thronging major river confluences and pilgrimage sites including Devghat, Trishuli, Kaligandaki, Bagmati, Indravati and Ridi for holy dips, while fairs are being held in several locations.

In the Tarai, the day is being celebrated as Nahan, a traditional bathing festival. the festival is associated with charity, fasting, meditation and consumption of seasonal foods such as ghee, chaku, sesame-based delicacies, tarul ( yam ) and khichadi, believed to provide warmth and health benefits during winter. बाँकी... स्रोत : **https://thehimalayantimes.com/nepal/maghe-sankranti-being-observed-across-the-country**

## Yam supply surges for Maghe Sankranti

With Maghe Sankranti approaching on Thursday, the supply of root vegetables—especially yam, sweet potatoes and cocoyam—has surged across markets in the Kathmandu Valley, driven by festive demand.

Vegetable markets and shops are well stocked with traditional roots that hold cultural and religious significance during the festival, traders said. consumers have also crowded markets since Monday to buy yams of their choice, a staple food eaten during Maghe Sankranti. Traditionally, yams are boiled on the last day of Poush and eaten the following morning with ghee, chaku and sakkhar. People consume different varieties either boiled or prepared with condiments to mark the festival. बाँकी... स्रोत : **https://risingnepaldaily.com/news/74054**

## Snowless winter turns Jumla's mountains bare

As winter nears its end, the Himalayan district of Jumla in Karnali Province has yet to receive snowfall this season, leaving mountains bare and farmers worried.

The Patarasi Himal in Patarasi Rural Municipality and the Kanjirowa Himal in Guthichaur Rural Municipality, which are usually covered in thick snow by this time of year, remain snowless even in mid-January. locals said that the mountains, once bright white in winter, are now turning dark and rocky, resembling bare black stones (kala patthar). Normally, heavy snowfall in December and January gives these peaks to their characteristic white cover. बाँकी... स्रोत : **https://risingnepaldaily.com/news/74044**

## Tarebhir declared ideal for rock climbing

Tarebhir, located in Chamche of Marsyangdi Rural Municipality-4 in Lamjung, is being developed as a major destination for rock climbing.

The rural municipality has begun a study to explore additional routes and assess the full potential of rock climbing at Tarebhir, lying along the Annapurna Circuit trekking route. an international group of mountain guides has concluded that the cliff is suitable for rock climbing.

An initial study on rock climbing at Tarebhir was conducted eight years ago by an international mountain guide group in collaboration with the Gandaki Alpine Club. following positive findings, the rural municipality has now started searching for additional routes, said Chairman Arjun Gurung. बाँकी...

स्रोत : **https://risingnepaldaily.com/news/74191**

## ऐतिहासिक गढी किल्ला संरक्षण अभियानमा नेपाली सेना

नेपाली सेनाको पूर्वी पृतना हेडक्वाटर तथा मातहतका विभिन्न बाहिनी अड्डा तथा गणहरुले पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसरमा विभिन्न कार्यक्रम आयोजना गरेको छ ।

पूर्वी नेपालको कोशी प्रदेशमा रहेको ऐतिहासिक स्थल, गढी किल्ला संरक्षण एवम् सम्वर्धनलाई निरन्तरता दिँदै नेपाली पृतना हेडक्वाटर तथा मातहतका निकायले ऐतिहासिक पदयात्रा लगायतका विभिन्न कार्यक्रम आयोजना गरेको छ । सेनाले स्थानीय प्रशासन, सरोकारवाला तथा जनप्रतिनिधिहरुसँग समन्वय गरी विभिन्न गढी किल्ला पदयात्रा सास्कृतिक कार्यक्रम, राष्ट्रियता झल्काउने कविता वाचनजस्ता कार्यक्रम सञ्चालन गरेको छ । यस क्रममा सेनाले ऐतिहासिक विजयपुरगढी-सागुरीगढी-पाख्रीबास निशान पदयात्रा, महिला तथा पुरुषको विजयपुरगढी दौड प्रतियोगिता, ऐतिहासिक उदयपुरगढी-चौदण्डीगढी पदयात्रा र ईलाम जिल्लामा निशान पदमार्ग यात्रा लगायतका कार्यक्रम सम्पन्न गरेको पूर्वी पृतना हेडक्वाटर इटहरीले जनाएको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/187626**

## Frozen Kshama Lake stuns Mustang visitors

Due to extreme cold, Kshama Lake, located in Gharapjhong Rural Municipality-5 of Mustang, has frozen.

The lake, which recently emerged as an attractive new tourist destination, lies at an altitude of 3,750 metres above sea level at the foothills of the Nilgiri range. known for its clear blue colour resembling the surrounding mountains, the lake is now completely covered in ice. despite the harsh winter, tourists and officials visiting Mustang have begun travelling to the site to take photographs of the frozen lake. बाँकी... स्रोत : **https://risingnepaldaily.com/news/74099**

## Sacred Confluence Of Faith And Histor

Whenever I plan to visit India, especially for a health checkup of my long-ailing spouse and myself, i am tempted to combine it with cultural tourism, setting out travel itineraries accordingly. for many years as a connoisseur of contemporary Indian history, i had cultivated a deep interest to visit the western states of India, including the culturally important locations in Goa, Maharashtra and Gujarat.

But my interest to visit Somnath was a matter of utmost priority, but it had not been materialised due to one or other reasons. i am aware of the value and importance accorded to Somnath Temple by the current ruling political dispensation in India. i was pulled by the lure of a visit to Somnath – a coveted destination of religious significance having a long history. बाँकी... स्रोत : **https://risingnepaldaily.com/news/74199**

## वायु प्रदूषणले आजित पर्यटक

पर्वतारोही शर्मिला वाइबासँग भेट हुने हरेक विदेशी पर्यटकले 'काठमाडौँको वायु प्रदूषणले आफू बिरामी परेको' दुखेसो पोख्छन् ।

क्याफे र रेस्टुराँ सञ्चालकसमेत रहेकी वाइबा फुर्सदमा विदेशी पर्यटकलाई घुमाउँछिन् । उनले १६ पुसमा चिलीबाट घुम्न आएका पर्यटकलाई दिनभर ठमेल र वरिपरि घुमाइन् । "यहाँको भूगोल र संस्कृति देखेर उनीहरू एकदमै उत्साहित थिए," वाइबाले सुनाइन्, "बेलुका छुट्टिने बेला त तिमीहरूको 'सिटी' मा एकदमै 'एयर पोलुसन' रहेछ, 'सिक' बनायो भने ।" नेपाल घुम्न आएका चिलीका पर्यटक मात्र होइन, अरू विदेशीले पनि काठमाडौँको धुवाँधुलो र प्रदूषणले आफूहरूलाई सास्ती दिएको गुनासो गर्ने गरेको वाइबा सुनाउँछिन् । "हिमाली मुलुक भएकाले सफा र स्वच्छ हुने धारणा बनाएर नेपाल आउँछन्, एयरपोर्टमा ओर्लेर होटल आइपुग्न नपाउँदै धुवाँको मुस्लो उडाउँदै थोत्रा गाडी-बाइक तँछाडमछाड गर्दै दौडेको देखेर दिक्क हुन्छन्," बाँकी...

स्रोत : **https://nepalnews.com/2026/01/13/tourists-affected-by-air-pollution/**

## फोक्सुन्डो तालः देशको अविच्छिन्न आत्मा

नेपालगन्जबाट जुफाल हुँदै सदरमुकाम दुवै महिला उद्यमी संघ डोल्पा, स्थापना गरी फोक्सुन्डोतिर लाग्यौं। एउटै उद्देश्य थियो-उत्थानशीलताको अवसर र चुनौती के के छन ? त्यसमा राज्यको दृष्टि कसरी पुऱ्याउने?

पर्यटनका हिसाबले हेर्ने हो भने हामीसँग प्रचुर मात्रामा पर्यटकीय क्षेत्र छन् । यी क्षेत्रहरूलाई विकास गर्ने अनि राज्यको तर्फबाट बाटोघाटो, पानी, बत्तीको व्यवस्था साथै सूचनाको व्यवस्था पुऱ्याउने हो भने नेपालले पर्यटन क्षेत्रमा निकै नै विकास गर्ने थियो । संसारमा नेपालको नाम चिनाउने थियो । जहाँ विश्वका प्राकृतिक सम्पदाहरू अन्धाधुन्ध व्यवसायीकरण, प्रदूषण र सतही प्रचारको सिकार बन्दै गएका छन्, त्यही सन्दर्भमा डोल्पाको फोक्सुन्डो ताल आज पनि अस्पर्शित, अविकृत र आध्यात्मिक रूपमा पवित्र स्वरूपमा उभिएको छ । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/arts/phoksundo-lake-the-**

## पर्यटक तान्दै तातोपानी

कर्णाली राजमार्गको जुम्ला खण्डमा पर्ने जर्मीगाउँ छेउमा कलकल तिला नदी बगिरहेको छ। नदी किनारमा तातोपानी धारा छ । बिहानको चिसो सिरेठोमा धाराहरूबाट बाफ उडिहेको हुन्छ । एकाबिहानैबाट समसाँझसम्म तातोपानीमा चहलपहल बाक्लै हुन्छ। सुविधा सम्पन्न होटल र लजहरूमा मौसम अनुकूलको पानीले स्नान गर्नेहरूलाई प्राकृतिक रूपमै तातोपानी बगिरहनु नौलो र आश्यर्चको कुरा हो ।

तर जर्मी गाउँका स्थानीयका लागि यो सामान्य कुरा हो, बरु तातोपानी धाराकै कारण यहाँका स्थानीयले अनेकौं प्रकृतिका मानिससँग भेट्न र धाराको विषयमा प्रकट गर्ने प्रशंसा र गाथा सुन्न पाइरहेका छन् । धारामा नुहाउनेहरूको भिडले जर्मीगाउँलाई निकै व्यस्त देखाइरहेको छ । बाँकी...
स्रोत : **https://sajhabisaunee.com/archives/41243**

## कोलकाता अन्तर्राष्ट्रिय बाल नाटक महोत्सवमा चार नेपाली

बुधबारदेखि सुरु हुन लागेको चौथो कोलकाता अन्तर्राष्ट्रिय बाल नाटक महोत्सवमा चार वटा नेपाली नाटक देखाइने भएको छ ।

महोत्सवमा नेपालबाट पुष्पराज अवस्थीको लेखन तथा निर्देशनमा 'पार्वती', रामबाबु रेग्मीको लेखन तथा निर्देशनमा 'जीवन मरण', राजन भुजेलको लेखन तथा निर्देशनमा 'जुठो' र प्रभाकर न्यौपानेको लेखन तथा निर्देशनमा 'घाँसी को ?' शीर्षकका नाटक मञ्चन हुँदै छन् । रंगकर्मी पुष्पराज अवस्थीको लेखन तथा निर्देशन रहेको नाटक 'पार्वती'मा भक्तपुरको बालकोटस्थित मेरीगोल्ड इंग्लिस बोर्डिङ स्कुलका विद्यार्थीले अभिनय देखाउने छन् । बाँकी... स्रोत : **https://ekantipur.com/entertainment/2026/01/13/four-nepali-plays-at-kolkata-international-childrens-drama-festival-42-48.html**

## सुगम बन्दै दुबुङ गाउँ, बढ्दै पर्यटकको आकर्षण

विगतमा तनहुँको ऋषिङको विकट क्षेत्रको रूपमा परिचित दुबुङ गाउँ फेरिएको छ । पर्यटकीय दृष्टिकोणबाट यस क्षेत्र उपयुक्त मानिन्छ । तर, विकास तथा प्रवर्द्धनको अभावले ओझेलमा परेको क्षेत्र अहिले लयमा फर्किंदै छ ।

ऋषिङ गाउँपालिका-३ स्थित दुबुङ क्षेत्र पर्यटकीय, ऐतिहासिक, धार्मिक र प्राकृतिक सौन्दर्यताको तवरबाट भरिपूर्ण रहेको सेवा निवृत्त प्रधानाध्यापक एवं स्थानीयवासी हर्कबहादर थापा बताउँछन् । उनी भन्छन्, 'गाउँबाट सदरमुकाम दुबुङडाँडा अर्थात् दुबुङकोटबाट नजिकै देखिन्छ । तर, त्यहाँ पुग्न हामीलाई धेरै सास्ती खेप्नुपर्ने हुन्थ्यो । अहिले सहज बन्दै गएको छ । बाँकी...
स्रोत : **https://biznessnews.com/posts/48032**

## शिवपुरीको तारेभिरलाई पर्यटकीय गन्तव्य बनाइने

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जभित्रको करिब दुई हजार मिटर उचाइमा रहेको तारेभिरलाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न आयोजना गरिएको एकदिने तेस्रो तारेभिर महोत्सव शनिबार सम्पन्न भएको छ । सो अवसरमा स्थानीय तामाङ जातिको सांस्कृतिक झाँकीसहित मौलिक गीत र नृत्यको प्रदर्शन गरिएको थियो । महोत्सवको उदघाटन गर्दै उद्योगमन्त्री नवीन्द्रराज जोशीले तारेभिरलाई पर्यटकीयस्थल बनाउन नगरपालिकाबाट कार्ययोजना बनाई पेस गरिए सरकारले सहयोग गर्ने बताए ।

सांसद रामेश्वर फुयाँल, गोकर्णेश्वर नगरपालिकाका कार्यकारी अधिकृत इन्द्रकुमारी थपलिया, नगरपालिका राजनीतिक संयन्त्रका सदस्य श्रीकृष्ण ज्योति, महोत्सव आयोजक समितिका संयोजक लक्ष्मण गोले तामाङलगायत राजनीतिक दलका स्थानीय नेताले तारेभिरलाई चट्टानी बगैँचा (रक गार्डेन) भएको पर्यटकीयस्थल बनाउन कार्ययोजनासहित अघि बढ्ने प्रतिवद्धता जनाए । बाँकी...

स्रोत : **https://www.corporatenepal.com/story/7250**

## नेपालको सशक्त ब्रान्डिङ गर्न पर्यटन कूटनीतिमा जोड

नेपाल पर्यटन बोर्ड (एनटीबी) र परराष्ट्र मन्त्रालयको संयुक्त आयोजनामा 'नेपाल प्रवर्द्धनका लागि साझेदारी' विषयक कार्यशाला सम्पन्न भएको छ । सार्वजनिक, आर्थिक र सांस्कृतिक कूटनीतिमार्फत नेपाललाई एकीकृत रूपमा प्रवर्द्धन गर्ने साझा प्रतिबद्धतालाई सुदृढ गर्ने उद्देश्यले आयोजित कार्यशालामा पर्यटन र सार्वजनिक कूटनीतालाई नेपालको प्रभावकारी सफ्ट पावरका रूपमा स्थापित गर्न जोड दिइएको छ ।

कार्यशालालाई सम्बोधन गर्दै परराष्ट्र सचिव अमृत बहादुर राईले पर्यटनलाई नेपालको अन्तर्राष्ट्रिय छविको सबैभन्दा मूर्त र प्रभावकारी अभिव्यक्ति भएको उल्लेख गर्दै विश्वसमक्ष नेपालको ब्रान्डिङका लागि आत्मविश्वासी, सुसंगत र प्रामाणिक 'स्टोरी-टेलिङ' अपरिहार्य रहेको बताए । उनले पर्यटन र सार्वजनिक कूटनीतिले राष्ट्रिय गरिमा, अन्तर्राष्ट्रिय प्रतिष्ठा र समृद्धिमा ठोस योगदान पुर्याउने स्पष्ट पारेजा छन् । नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले पर्यटन प्रवर्द्धनमा सार्वजनिक कूटनीतिको प्रभावकारिता उल्लेख गर्दै संस्थागत समन्वय र सहकार्यलाई अझ मजबुत बनाउन आवश्यक रहेको धारणा व्यक्त गरे । बाँकी...

स्रोत : **https://hamrakura.com/news-details/206103/2026-01-17?utm_sourc**

## रैथाने अस्तित्व जोगाउँदै बिउ बैङ्क

सिन्धुपाल्चोकको सुनकोशी गाउँपालिका-२ ठोकर्पाकी मैया पौडेल आफूलाई आवश्यक परेको बिउ लिन घरनजिकै रहेको सामुदायिक बिउ बैङ्कमा जानुहुन्छ । बिउ बैङ्कले निर्धारण गरेका मापदण्ड पूरा गरेर बिउको पैँचो लिनुहुन्छ । आफूले उत्पादन गरेपछि स्वस्थ बिरुवाको बिउ पुनः सोही बैङ्कमा लगेर फिर्ता गर्नु हुन्छ ।

नेपालको ग्रामीण अर्थतन्त्र ऐँचोपैँचोमा चल्ने भए पनि पछिल्लो समय सहरीकरणको असरले त्यो कार्य रोक्न थालेसँगै त्यसको असर बिउमा पर्न थालेको छ । बिउ जोगाए मात्रै आफ्नो अस्तित्व जोगिने विश्वासले ग्रामीण भेगमा स्थानीयले सामुदायिक बिउ बैङ्क स्थापना गर्न थालेका छन् । बिउ जोगाउने उद्देश्यले

स्थापना भएका सामुदायिक बिउ बैङ्कले बिउमा आत्मनिर्भर बनाएको छ भने रैथाने बाली जोगाउन महìवपूर्ण भूमिकासमेत निर्माण गरेको छ ।

पूर्वजले सुक्खा-खडेरी तथा बाढी सहने, खान स्वादिलो, मिठो र मसिनो हुने, खेतबारी एवं भण्डारणमा रोग तथा किरा कम लाग्ने, विभिन्न धार्मिक कार्य, रीतिरिवाज तथा संस्कारमा नभई नहुने आदि विभिन्न गुण, विशेषता र महìव भएका स्थानीय बालीनालीको संरक्षण, संवर्धन एवं विकास गर्दै आए । बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/188390**

## बाइसेचौबीसेदेखिको पुतली नाचको रौनक

हरेक वर्ष माघ ३ गते नाच्ने गरिन्छ पुतली नाच । पुतली नाचका लागि माघ २ गते साँझदेखि नै भल्कोट गाउँमा स्थानीयको चहलपहल हुने गर्छ । बागलुङको निसीखोला गाउँपालिका-६ भल्कोट गाउँमा प्रचलनमा रहेको यो नाच सयौँ वर्ष पुरानो मानिन्छ ।

बाइसेचौबीसे राजाको पालादेखि नाचिदै आएको पुतली नाच अहिलेका युवा पुस्ताहरूमा पनि लोकप्रिय नै छ । वर्षमा एकपटकमात्रै नाचिने यस नाच एक दशक अगाडिसम्म चर्चामा थिएन । तर पछिल्लो समय बागलुङमै चर्चित छ । विभिन्न कपडा पहिरिएर पुतलीजस्तै बनेका व्यक्ति नाच्ने यो नाच महँगो पनि मानिन्छ । थरिथरि रङका कपडा पहिरिएर बालकदेखि वृद्धसम्मले पुतली बनेर नाच्छन् ।

भल्कोट गाउँबाहेक अन्य कुनै पनि ठाउँमा यो नाच नाचेको पाइँदैन । बाइसेचौबीसे राज्यका सञ्चालनका समयमा राजा रानीको मृत्यु भएपछि स्थानीयले उनीहरूको स्मृतिमा पुतली नाच्न थालेका बूढाकापा बताउँछन् । स्थानीय नैनासिंह बुढामगरले माघ २ गते साँझ राजाको सम्झनामा पुतली बनाउने र ३ गते नाचिने बताए । अघिल्लो दिन राजा, रानी र धाइमा गरी तीनवटा कपडाको पुतली बनाउने र बालक, युवा र वृद्धहरू पुतलीको पहिरन पहिरिएर बाजाको तालमा नाच्ने उनको भनाइ छ । पुतली नाच धेरै वर्ष पुरानो भए पनि अहिलेसम्म गाउँमा कुनै पनि दस्तावेज नभेटिएको बुढामगरले बताए । बाँकी...
स्रोत : **https://www.prabhabonline.com/detail/96403**

## 'हाम्रो पाइला समृद्ध ललितकलातर्फ'

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव देवेन्द्र काफ्ले 'थुम्केली' कलाकार हुनुहुन्छ । साधना कार्टुनचित्र भए पनि उहाँ लेखन, अध्यापन र कलामा उत्तिकै सक्रिय देखिनुहुन्छ ।

उहाँले विभिन्न प्रकाशन तथा व्यक्तित्वद्वारा प्रकाशित एवं लिखित सयौँ पुस्तकमा दृष्टान्तचित्र, व्यङ्ग्यचित्र तथा आवरणचित्र बनाउनुभएको छ । नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानले गरेका कामको सेरोफेरोमा केन्द्रित भएर सुकृत नेपालले उहाँसँग गर्नुभएको कुराकानी :

तपाईं कार्यकालको उत्तरार्धमा हुनुहुन्छ, आफ्नो कार्यकाललाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ? हामीले संविधान, ऐन-कानुनले निर्दिष्ट गरेका ललितकलाका विविध आयामलाई समेटेर देशैभरि माहोल सिर्जना गर्ने गरी गतिविधि अगाडि बढाएका छौँ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/187641**

## नेपाली कवि सुमन पोखरेलका कविता मस्कोमा प्रकाशित, रुसका ११ अनुवादक सक्रिय

नेपालका विश्वप्रसिद्ध कवि सुमन पोखरेलको कविता संग्रह रुसी भाषामा रुसको राजधानी मस्कोबाट प्रकाशन भएको छ । सञ्चारमाध्यमदेखि सामाजिक सञ्जालसम्म नेपालबाट सबैभन्दा धेरै 'कोट' गरिने कविको पहिचान बनाएका पोखरेलका ४१ वटा कवितालाई ११ जना रुसी अनुवादकले अनुवाद गरेका हुन् । मस्कोको चर्चित 'रसियन गलिभर' नामक प्रकाशन गृहबाट प्रकाशन भएको हो । बाँकी...

स्रोत : **https://shilapatra.com/detail/175301**

## ढुंगा कुँदेर अमर आकृति

सुनसरीको इटहरी-१९ स्थित भवानीपुरमा बुधबार बिहान कुहिरो हटिसकेको थिएन । चिसो हावाले शरीर सिरिङ बनाइरहेको थियो ।

न्यानो कपडाभित्र आफूलाई सुरक्षित राख्नुपर्ने बेला एउटा सानो मूर्तिकला उद्योगको आँगनमा भने ढुंगामाथि छिनो र हतौडाले हानेको आवाज निरन्तर सुनिरहेको थियो । हात नांगै छन्, औंलाहरू चिसोले कठोर बनेका छन्, तर आँखामा अदम्य एकाग्रता छ । ढुंगाको कठोर सतहमा बिस्तारै जीवनको आकृति कोर्दै थिए ४० वर्षीय मूर्तिकार किसन चौलागाईं । बाँकी...

स्रोत : **https://annapurnapost.com/story/492150/**

## चितवन निकुन्जको पश्चिम सेक्टरमा जलपंक्षीको संख्या बढ्यो

नारायणी नदी र आसपासको सीमसार क्षेत्रमा भेटिने चराको संख्या बढेको पाइएको छ । दुई दिनअघि सम्पन्न एसियन जलपंक्षी गणना तथ्यांक अनुसार चितवन राष्ट्रिय निकुञ्जको पश्चिमी सेक्टरको नारायणी नदी र आसपासको सीमसार क्षेत्रमा गत वर्षभन्दा धेरै चरा फेला परेका हुन् । जलपंक्षी गणना पश्चिम सेक्टर संयोजक एवं संरक्षणकर्मी डीबी चौधरीका अनुसार नारायणी नदीमा यसपटक ४२ प्रजातिका १२ हजार ८ सय ८७ चरा भेटिएका छन् । बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/01/14/waterfowl-numbers-**

## चितवनमा 'खिचरा महोत्सव' सुरु

चितवनका थारु समुदायको महत्त्वपूर्ण चाड हो माघी (खिचरा) । माघ १ गते खिचरा पर्वको रूपमा यहाँ थारु समुदायले धुमधामले मनाउँछन् । यही चाडलाई जगेर्ना गर्न थारु कल्याणकारिणी सभा चितवन क्षेत्र नं.७ को आयोजनामा मंगलबारदेखि ११औं संस्करणको 'खिचरा महोत्सव-२०८२' सुरु भएको छ ।

महोत्सवको बागमती प्रदेशका कृषि तथा पशुपन्छी विकासमन्त्री मधुसूदन पौडेलले समुद्घाटन गरे । महोत्सव समुद्घाटन अघि झाँकीसहितको शोभायात्रा निकालिएको थियो । बाँकी...

स्रोत : **https://ekantipur.com/photo_feature/2026/01/13/khichara-festi**

स्रोत : **https://ekantipur.com/photo_feature/2026/01/13/the-8th-buddhabhumi-**

## कठ्याङ्ग्रिँदो जाडोमा च्याङ्ग्रासँगै लेकमा रमाउँदै कृषक

उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिका-१, छोसेरका कृषक आङ्ग्याल गुरूङको उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिका-१,छोसेरमा रहेको 'फोङ्ग'गुफाको पछाडिको पहाडमा च्याङ्ग्राको बथान छ ।

चिसो बढेसँगै तापक्रम ऋणात्मक भए पनि च्याङ्ग्रा व्यवसायी गुरूङ दैनिक गोठालासहित चरन क्षेत्रमा पुग्ने गर्नुहुन्छ । चीनको स्वशासित क्षेत्र तिब्बतको सिमाना कोरलाको नाकामा करिब ७ सय च्याङ्ग्राको चरन क्षेत्र व्यवस्थापन गर्दागर्दै गुरूङलाई चिसो फल्न बेंसी झर्ने फुर्सद समेत छैन । समुन्द्री सतहदेखि ४ हजार ७ सय मिटरको उचाइसम्म छोसेरका च्याङ्ग्रापालक कृषकहरूको गोठहरू भेटिन्छन् । १९ वर्षदेखि च्याङ्ग्रा पालनमा सक्रिय गुरूङले बर्सेनि १ करोडभन्दा बढीको च्याङ्ग्रा बेच्नुहुन्छ । कठोर हावापानीमा हुर्किने च्याङ्ग्राका लागि चरन क्षेत्रमा गोठ बनाएर गोठालाको जिम्मा लगाएर छोड्ने गरिन्छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/187817**

## गगन-विश्वको सार्थक विद्रोह

विद्रोह मार्फत सम्पन्न विशेष महाधिवेशनबाट सिंगै कांग्रेस लिन पुगेका सभापति गगन थापाको आगामी कदमलाई पनि लोकतन्त्रमा विश्वास राख्ने जो-कोहीले सूक्ष्म ढंगले अध्ययन गरिरहेकै हुन्छन् । देउवा चुके झैं चुक्ने सुविधा आजको कांग्रेसका सभापति थापालाई हुन्न ।

पार्टी स्थापनाको आठ दशक लामो इतिहास बोकेको नेपाली कांग्रेस अन्ततः 'विशेष महाधिवेशन' मार्फत नयाँ नेतृत्व चयन गर्ने अवस्थामा आइपुगेको छ । राजनीतिक तथा जीवनकै उत्तरार्द्धमा रहेका कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवाले 'जेनजी विद्रोह' पश्चात् जब उनकै पार्टीका उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक दिए, तब 'नेता हुनु त देउवा जस्तो' भन्ने उपमा पाउँदै ताली पाएका थिए । समयको मागलाई देउवाले बुझे भन्दै आम बुद्धिजीवी समेतले देउवाको तारिफमै समय खर्चिएका थिए । उता पार्टीभित्र भने अलिक लामै समयदेखि महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा लगायत 'फेस फ्यालू' भएका नेताहरू कांग्रेस रूपान्तरण सहित पुस्तान्तरणको मुद्दालाई बोकेर नियमित महाधिवेशनमा जोड दिइरहेका थिए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/01/1849680/the-mean**

## कांग्रेसको निकास विधि

संसदीय आमनिर्वाचनको तयारी भइरहँदा मुलुकको सबैभन्दा ठुलो र पुरानो पार्टी नेपाली कांग्रेसमा उत्पन्न विवादले चिन्ता र आशङ्का बढाएको छ । यो पार्टीको विवाद अहिले निर्वाचन आयोगमा पुगेको छ । कांग्रेसको संस्थापन पक्ष र विशेष महाधिवेशन आयोजक समितिले आआफ्ना निर्णयबारे निर्वाचन आयोगलाई जानकारी गराएका छन् ।

निर्वाचन आयोगले विधि र प्रक्रिया अनुसार कांग्रेस विवादको निरूपण शीघ्र गर्नुपर्ने भएको छ । कांग्रेस केन्द्रीय कार्यालय सानेपामा बुधबार बसेको केन्द्रीय कार्यसमिति बैठकले महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्री फरमुल्लाह मन्सुरलाई कारबाही गरिएको विषय निर्वाचन आयोगलाई जानकारी गराएको छ । त्यसै गरी कांग्रेसको विशेष महाधिवेशन आयोजक समितिले पुस २७ गतेदेखि काठमाडौँको भृकुटीमण्डपमा विशेष महाधिवेशन आह्वान गरिएको लिखित जानकारी निर्वाचन आयोगलाई दिएको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/188161**

## लोकतान्त्रिक सरकारलाई अपदस्थ गरेपछि म्यानमारमा पहिलोपटक आम निर्वाचनको तयारी

म्यानमारमा सैनिक शासक (जुन्ता) ले पाँच वर्षअघि लोकतान्त्रिक सरकारलाई अपदस्थ गरेपछि पहिलोपटक आम निर्वाचनको तयारी गरेको छ ।

आइतबारदेखि सुरु हुन लागेको यस निर्वाचनलाई जुन्ताले प्रजातन्त्रतर्फको पुनरागमन भने पनि विश्व समुदाय र प्रजातन्त्र पक्षधरहरूले भने यसलाई सैन्य शासनलाई वैधानिकता दिने 'प्रपञ्च' का रूपमा टिप्पणी गरेका छन् । सन् २०२१ मा जननिर्वाचित नेत्री आङ सान सुकीलाई जेल हालेर सत्ता कब्जा गरेपछि म्यानमार निरन्तर गृहयुद्ध र दमनको चक्रमा फसिरहेको छ ।

यसपटकको चुनावमा सुकीको लोकप्रिय पार्टी 'नेसनल लिग फर डेमोक्रेसी' ( एनएलडी ) लाई विघटन गरिएको छ भने सुकी आफैँ विभिन्न आरोपमा २७ वर्षको जेल सजाय काटिरहेकी छिन् । एक महिनासम्म चरणबद्ध रूपमा हुने भनिएको मतदानमा सैन्य समर्थक दलहरूको मात्र बाहुल्यता छ । बाँकी...
स्रोत : **https://www.ratopati.com/story/532206/myanmar-prepares-**

## नेपाली नाम नै वैज्ञानिक नाम

डिग्री क्याम्पस विराटनगरमा प्राणीशास्त्र विषयका एक शोधार्थीले आफ्नो शोधपत्र प्रस्तुत गरिरहँदा केही माछाका वैज्ञानिक नाम अनौठो अथवा भनौँ विदेशी, अङ्ग्रेजी पारामा उच्चारण गरिरहनुभएको थियो । त्यो सुनेर एक अग्रज प्राध्यापकले बिचैमा रोकेर भन्नुभयो, “यी फलाना फलाना नाम त नेपाली भाषाकै हुन् त कस्तो अप्ठ्यारो गरी भनेको ?”

त्यसपछि दर्शक दीर्घामा रहेका विज्ञ तथा विद्यार्थी धेरैको दिमाग खुल्यो कि वास्तवमा धरै वनस्पति र प्राणीको वैज्ञानिक नाम नेपाली नै छ । यसको अर्थ नेपालीमा तिनलाई जे कहलाइन्छ, वैज्ञानिक नाम पनि त्यही छ । वैज्ञानिक नाम त विश्वव्यापी हुन्छ । नामको अर्थ र नामदायक शब्द उत्पतिको भाषाको कुरा वैज्ञानिक जगत्मा चर्चा हुन्छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/188153**

## सन् २०२५ मा जलवायु विपत्तिः पाँच हजारको मृत्यु, ३६० अर्ब डलर क्षति

विश्वव्यापी वातावरणीय प्रणालीमा भइरहेका परिवर्तनले सन् २०२५ मा बाढी, खडेरी र अत्यधिक तापक्रमलाई तीव्र बनाउँदा धेरै मानिसको ज्यान गएको र सयौं अर्ब अमेरिकी डलर बराबरको क्षति भएको एक नयाँ प्रतिवेदनले जनाएको छ ।

अस्ट्रेलियन नेसनल युनिभर्सिटी एएनयू को नेतृत्वमा तयार गरिएको सन् २०२५ ग्लोबल वाटर मोनिटर प्रतिवेदन अनुसार निरन्तर तापवृद्धिले वातावरण, जमिन र महासागरबीच गहिरो परिवर्तन ल्याएको छ, जसले समाजमा गम्भीर असर पारेको एएनयूको विज्ञप्तिमा उल्लेख छ । प्रतिवेदनका अनुसार सन् २०२५ मा पानीसँग सम्बन्धित प्राकृतिक विपत्तिका कारण करिब पाँच हजार जनाको मृत्यु भएको छ भने झन्डै ८० लाख मानिस विस्थापित भएका छन् । यस्ता विपत्तिबाट भएको आर्थिक क्षति ३६० अर्ब अमेरिकी डलर नाघेको बताइएको छ । बाढी, उष्णकटिबन्धीय चक्रवात, खडेरी र डढेलोजस्ता विपत्तिले ठूलो क्षति पुऱ्याएका छन् । बाँकी... स्रोत : **https://www.ratopati.com/story/537168/climate-disaster-**

## श्रम संस्कृतिको प्रतीक पार्क

काठमाडौं बस्दै आएकी देवलक्ष्मी श्रेष्ठ तीन वर्षअघि धरान आएकी थिइन् । यहाँका मेयर हर्क साम्पाङको आग्रह मान्दै त्यसबेला उनले केही दिन ढुंगा पनि बोकिन् । र, काठमाडौं फर्किन् ।

सर्दु खोलाको बगरमा त्यसबेला कुनै संरचना थिएन, थियो त केवल मेयर हर्क साम्पाङको जोश । 'फुलहरू थियो, अरू केही थिएन', उनी भन्छिन् । तर तीन वर्षपछि (गत १९ पुसमा) धरान आउँदा उनी दंग परिन् । आफूले ढुंगा बोकेको क्षेत्रको नामै फेरिएर बनेको छ- श्रम संस्कृति पार्क । 'अहिले आउँदा त अचम्मै लागेको छ, यत्रो ठूलो बनिसकेछ', मक्ख पर्दै भनिन्, 'हर्क साम्पाङले राम्रो काम गर्नुभएको रहेछ, धेरै मान्छे आएको देख्दा खुसी लाग्यो ।' केही दिन ढुंगा बोक्दा यति सुन्दर पार्क बन्छ भन्ने विश्वास नलागेको पनि उनले बताइन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/01/1848314/park-a-symbol-of-la**

## कृत्रिम खुट्टाले चुम्यो विश्वकै अग्ला चुचुरा

आत्मबल र आत्मविश्वास भए संसारमा सबै कुरा सम्भव छ भन्ने कुरो रोल्पाका हरि बुढामगरले साबित गरिदिनुभएको छ । घुँडामाथिसम्म दुवै खुट्टा गुमाउनुभएका पूर्वगोरखा सैनिक ४६ वर्षीय बुढामगरले कृत्रिम खुट्टा ( प्रोस्थेटिक ) को सहयोगमा विश्वका सात वटै महाद्वीपका अग्ला हिमाल आरोहण गरेर बिहीबार स्वदेश फर्किनुभएको छ ।

सात वटै महाद्वीपका अग्ला चुचुरोमा नेपालको झन्डा फहराउँदै साहस र आत्मविश्वासको सफल प्रदर्शन गरेर फर्किनुभएका उहाँले सपना देखेर मेहनत गरे सफलता पाइन्छ भन्ने साबित गर्दै अपाङ्गता भएका व्यक्तिको जीवनमा सकारात्मक परिवर्तनको सन्देश प्रवाह हुने विश्वास व्यक्त गर्नुभयो ।उहाँ भन्नुहुन्छ, "मेरो आरोहण चुचुरोमा पाइला टेक्ने मात्रै नभई कसरी हरेक सपनालाई साकार गर्न निरन्तरको प्रयास आवश्यक पर्छ भन्ने उदाहरण पनि हो । यस सफलताले नेपाललाई संसारमा चिनाउने मात्रै नभई शारीरिक अशक्त व्यक्ति पनि कमजोर हुँदैनन् र जीवनको जस्तासुकै चुनौती जित्न सकिन्छ भन्ने धारणा स्थापित गर्न सफल भएको छ ।" बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/188131**

## सामाजिक तथा सांस्कृतिक विकासका लागि कस्तो शिक्षा ?

प्राचिन समयदेखि नै नेपालमा शिक्षा लिने-दिने प्रक्रिया सञ्चालनमा रहेको भएता पनि यो सङ्गठित र योजनबद्ध भने थिएन। तर, शिक्षाको मुख्य ध्येय भनेकै संस्कारयुक्त नागरिक तयार गर्नु थियो। असल आचरण र बानी-व्यवहारको विकास गर्नु त्यतिखेरको शिक्षाको घोषित तथा अघोषित उद्देश्य हुन्थ्यो ।

त्यो समय मूलतः बाबु-आमाले आफ्ना छोराछोरीहरूलाई आवश्यक ज्ञान, सीप एवं अनुभवहरू पारिवारिक परिवेशमा हस्तान्तरण गर्ने गर्थे। त्यो संस्कार, संस्कृति, मूल्यमान्यता भने पारिवारिक तथा सामाजिक सद्भावसँग पनि अन्तरसम्बन्धित हुन्थ्यो। समाजको परम्परा, मूल्य-मान्यता, चाल-चलन एवं धर्म संस्कृति भने अग्रजहरूबाट तल्लो पुस्तामा विभिन्न शैक्षिक प्रक्रियाबाट हस्तान्तरण गर्ने गरिन्थ्यो । त्यतिखेरको शिक्षा व्यवस्था नितान्त अनौपचारिक एवं अनियमित प्रकृतिका हुन्थे। जीवनपद्धति प्रारम्भिक खालको हुँदा स्वाभाविक रूपमा सामाजिक परिवेश पनि सरल र सामान्य किसिमको थियो । बाँकी...

स्रोत : **https://www.setopati.com/blog/254952**

## Democracy Faces Trust Deficit

It has been widely recognised that democracy is the rule of the people, by the people, and for the people. Sadly, we have been experiencing Nepali multi-party democracy as deceptive and profane in the name of the people and the country.

Party leaders and even intellectual analysts use the word 'people' to mean only the supporters of their respective parties or the leaders. even the Prime Minister is not treated as the representative of all parties but of his cronies because he is selected by the majority of more than fifty percent in parliament. The leaders of this country reach power either by technicality or by the consent of the majority, and not by being elected all the seasons they face elections. therefore, the will of the majority of the voters and even the people is not reflected in our democracy. बाँकी...

स्रोत : **https://risingnepaldaily.com/news/74048**

## डोको बुन्दै आम्दानी

मकवानपुर, बज्रबाराही सरस्वती बजारमा बस्नु हुने दुर्गाप्रसाद गोपालीले फुर्सदको समयमा डोको बुन्ने काम गर्नु हुन्छ । दिनमा एउटा डोको बुन्न सक्ने भए पनि खेतको काम र अरू घरायसी व्यवस्ताले महिनामा ८ देखि १० वटा डोको बुन्ने गरेको उहाँ बताउनु हुन्छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/188367**

## राष्ट्रिय एकताको साझा संकल्प

राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको दिव्योपदेशमा भनिएको छ, 'घुस दिने र घुस खाने दुवै देशका शत्रु हुन् ।' वास्तवमा राष्ट्रलाई बलियो बनाउने, राष्ट्रियताको प्रवर्धनसँगै आर्थिक समुन्नति र विकासमा आधारशिला निर्माणको नवीनतम् प्रस्थानविन्दु नै सुशासन हो ।

सुशासनको जगमा समुन्नत नेपाल निर्माण युगीन अभिभारा पूरा गर्न सकिन्छ । भ्रष्टाचारमुक्त राज्य संरचना, सुशासनयुक्त सार्वजनिक सेवा प्रवाह नै राष्ट्रलाई नवीन युगमा प्रवेश गराउने मन्त्र हो । वैश्विक राजनीति, वैश्विक अर्थव्यवस्था र समग्र विश्वव्यवस्थाको प्रभाव नेपालमा परे पनि समुन्नति, समृद्धि र सुशासनको प्रभावकारी मौलिक विधिमार्फत देशलाई बस्नलायक बनाउन सकिन्छ । रेमिट्यान्सबाटै धानेको मुलुकको परिभाषा बदलेर रूपान्तरणको नयाँ युग आरम्भ गर्न सकिन्छ ।

देश र नागरिक पङ्क्तिलाई आर्थिक रूपमा सशक्त बनाएर स्वाभिमानी नेपालीका रूपमा विश्वमाझ बौद्धिक प्रतिस्पर्धामा उभ्याउन सकिन्छ तर यसका लागि देशका शत्रु अर्थात् भ्रष्ट प्रवृत्तिलाई समूल नष्ट गरेर पहिलो खुट्किलोबाटै सुशासनको यात्रा आरम्भ गर्नुपर्ने छ । जेनजी पुस्ताको भदौ २३ र २४ गतेको जनआन्दोलनपछि देश प्रतिनिधि सभा सदस्य निर्वाचनमा होमिएको छ । फागुन २१ गते निर्वाचनको मिति घोषणा गरेको सरकारसँगै निर्वाचन आयोग आन्तरिक तयारीमा जुटेका छन् । राजनीतिक दल पनि समानुपातिक सूची बुझाएपछि प्रत्यक्षतर्फका उम्मेदवार तय गर्न संवादमा छन् । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/188290**

## विपत् न्यूनीकरणका प्रयास

नेपाल बहुप्रकोपीय मुलुक हो । विगतका तुलनामा पछिल्लो समय विपत्का घटनाको आवृति बढ्दै गएको पाइन्छ । नेपालको भौगोलिक बनावट र भौगर्भिक अवस्थितिका कारण पनि विभिन्न प्रकारका प्रकोपको जोखिम उच्च छ ।

भौगर्भिक अवस्थितिका कारण भूकम्प र भौगोलिक बनावट र अवस्थितिका कारण बाढी, डुबान, पहिरो, हिमपहिरो, हिमताल विस्फोट, लु, शीतलहर तथा आगलागीलगायत अन्य प्रकोपको उच्च जोखिम छ । पछिल्लो समय जलवायु परिवर्तनका कारण थप प्रकोपहरू समेत सिर्जना भएका छन् । यिनै प्रकोपका कारण उत्पन्न विपत्बाट नेपालमा बर्सेनि धेरै धनजनको क्षति हुन जाँदा राज्यले विकास निर्माणमा गर्नुपर्ने लगानीमा समेत प्रभाव परेको छ ।

जनचेतनाको कमी र लापर्बाहीका कारण बिनामापदण्ड निर्माण गरिएका भवन तथा संरचना, अव्यवस्थित बस्ती र बिनाअध्ययन निर्माण गरिएका सडक सञ्जाललगायत विश्वव्यापी जलवायु परिवर्तन तथा वातावरण प्रदूषणका कारणसमेत विपत् उत्पन्न हुँदा विपत्का घटना बढ्दै गएका हुन् । अहिले यी सबै प्रकारका विपत्को दिगो व्यवस्थापन वा सामना कसरी गर्ने भन्ने सवाल अहम् हुँदै आएको छ । विपत् न्यूनीकरणसम्बन्धी व्यवस्था विपत्का कारण हामीले बारम्बार धेरै जनधनको क्षति बेहोर्नु परेकाले नेपालमा विपत् व्यवस्थापनका लागि धेरै व्यवस्था गरिएको छ । नेपालको संविधानको धारा ५१ - छ ) मा प्राकृतिक स्रोतसाधनको संरक्षण, संवर्धन र उपयोगसम्बन्धी नीतिमा जल उत्पन्न प्रकोप नियन्त्रण र वातावरणमा हुने जोखिमलगायत अन्य प्राकृतिक प्रकोपबाट उत्पन्न हुने जोखिम न्यूनीकरण गर्न जनचेतना बढाउने तथा पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने उल्लेख छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/188154**

## सगरमाथा नियाल्दा

बल्लतल्ल शब्दहरू उनेर तयार पारिएका नियात्राको एकबिटो सँगालो 'कालापत्थरबाट सगरमाथा नियाल्दा' मेरो एउटा सपनाको मूर्त रूप हो। यसका प्रत्येक पृष्ठमा लुक्लादेखि कालापत्थरसम्मका ती कठिन उकाली-ओरालीहरू, हिमालको काखमा बग्ने नदीको संगीत, भरियाहरूको निधारबाट चुहिएका पसिनाका थोपा र पदमार्गमा भेटिने चौपायाको आँखाबाट खस्न नसकेका आँसु र घाँटीमा झुन्डिएका घन्टीको प्रतिध्वनि छन् ।

मैले यसमा गुम्बा र चैत्यहरूमा सल्काइएका धुपको सुवासजस्तै आध्यात्मिक शान्ति, टुङ्नाको धुन र विदेशी पदयात्रीहरूले नेपालको गौरव देखेर व्यक्त गरेका ती विस्मयकारी अनुभवलाई पनि साहित्यिक रङ दिने प्रयत्न गरेको छु । पदमार्गका विभिन्न स्थानका साथै गोरक्सेप, कालापत्थर र आधार शिविरमा भेटिएका पाहुनाले सगरमाथालाई हेरेर व्यक्त गरेका भावनात्मक संवादले मलाई हिमालको भाषा विश्वव्यापी हुँदोरहेछ भन्ने कुरा सिकाएको छ । हिमालका दृश्यलाई शब्दमा उतार्नु भनेको क्यानभासमा रङ भर्नुजस्तै चुनौतीपूर्ण कार्य रहेछ । ओरालो झर्नुभन्दा उकालो चढ्नुजस्तै कठिन काम रहेछ । तैपनि, हिमाली जनजीवनको सामीप्य र त्यहाँको कठोर तर सुन्दर यथार्थलाई भावनात्मक रूपमा मैले मेरो लेखनीमा समेटेको छु । बाँकी...

स्रोत :**https://nagariknews.nagariknetwork.com/arts/looking-at-mount-everest-br-36-57.html**

## दलका घोषणा पत्रले समेट्लान् प्रकृति जोगाउने मुद्दा ?

दलहरूले बनाउने घोषणापत्रमा विज्ञान, नवप्रवर्तन, वातावरण र जलवायुका मुद्दाहरू मिसनको रूपमा आउनुपर्छ। प्रकृतिलाई जोगाउन सके मात्रै सबैको भलो हुन्छ तब न राजनीति रहन्छ।

अहिले सिंगो मुलुकको ध्यान प्रतिनिधिसभा निर्वाचनतर्फ खिचिएको छ । आगामी २१ फागुनमा हुने निर्वाचनका लागि निर्वाचन अधिकृतका कार्यालयहरू स्थापना भइसकेका छन्। दलहरू उम्मेदवार छनोटको अन्तिम रस्साकस्सीमा व्यस्त छन्। कोही टिकट हात पार्न तल्लीन छन् त कोही चुनावी कमान्ड सम्हाल्न। चुनाव एक महत्त्वपूर्ण पर्व हो।

मतदाताको घरदैलोमा पुग्दा दल र उम्मेदवारहरूले विगतमा झैं सुशासन, भौतिक विकास र भ्रष्टाचारमुक्त नेपालको चिरपरिचित नाराहरू घन्काउने नै छन्। सधैं दोहोरिने आश्वासन र फेरिने पात्रहरूबिच संधै एउटा प्रश्न भने अनुत्तरित छ। के दलहरूले ल्याउने घोषणापत्र केवल प्रक्रिया पुऱ्याउने 'कागजको खोस्टा' मात्र हुन् ? बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/01/1851136/will-the-partys-manifesto-inclu**

## नौजवान 'बाह्रौं खेलाडी'

आउँदो फागुनमा ८६ वर्षमा टेक्दै छन् उनी। ढाड र घुँडाको समस्याले त्यति हिँडडुल गर्न सक्दैनन्। आँखाको पावर घटेको छ र चस्माको बढेको। तर, उनको दिनचर्या फेरिएको छैन। बिहान ६ बजे उठिसकेका हुन्छन्।। नित्य पूजापाठ र योग नसकी चिया पिउँदैनन्। अहिले काठमाडौँमा चिसो ह्वात्तै बढेको छ। त्यसैले घरकै आँगनमा टहलिन १० बजे मात्र कोठाबाट निस्किन्छन्।

चारपटक प्रधानमन्त्री भइसकेका लोकेन्द्रबहादुर चन्द ढल्किँदो उमेरका कारण शारीरिक रूपमा केही शिथिल देखिन्छन्। तर, यो शारीरिक असहजताले उनको बौद्धिक सक्रियता रोक्न सकेको छैन। विगतमा राजनीतिमा सक्रिय हुँदा साहित्य लेखनमा समय दिन नपाएको थकथकी उनमा छ। राजनीतिक कर्मबाट किनार लागेपछि अहिले लेखन र पुनर्लेखनका अधुरा रहर पूरा गरिरहेका छन्।

बिहानको खाना खाएपछि भरसक नसुत्न उनलाई चिकित्सकहरूले सल्लाह दिएका छन्। यसैले बिहानको खाना खाएपछि करिब दुई घण्टा लेखपढमा बिताउँछन्। चिकित्सकहरूले त उनलाई आँखामा बढी दबाब नदिन पनि सुझाव दिएका छन्। तर, उनको मन मान्दैन। साहित्यको अनुरागले उमेरगत अप्ठेरा र सीमा बिर्सिन्छन्। यतिबेला उनी आफ्ना पुराना कृतिहरूको परिमार्जनमा जुटेका छन्। राजनीतिमा सक्रिय हुँदा समयको चापमा हतारिएर लेखिएका, छापिएका सन्ध्यावलीलगायत कवितासंग्रहहरू माझ्ने-चम्काउने तयारीमा छन्। माओवादी द्वन्द्वकालमा उनको कथासंग्रह पाहुनाघर (२०६८) प्रकाशन भएको थियो, त्यसलाई अंग्रेजीमा अनुवाद गर्न पनि जुटिरहेका छन्। यस काममा उनलाई नातिनातिनाले सघाइरहेका छन्। उनको आत्मकथा पनि एकसरो लेखिसकिएको छ। जसलाई अद्यावधिक गर्न जेठा छोरा जयन्तको सहयोग लिइरहेका छन्। बाँकी...

स्रोत : **https://nepalnews.com/2026/01/17/the-young-twelfth-player**

## अन्तरिक्षमा अड्कियो 'मुनाल'

नेपालले प्रक्षेपण गरेको सानो आकारको भूउपग्रह (नानो स्याटेलाइट) मुनाल अन्तरिक्षमा अड्किएको छ। नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (नास्ट) को पहल र छिमेकी मुलुक भारत सरकारको सहयोगमा सोमबार प्रक्षेपण गरिएको नानो स्याटेलाइट मुनाल अन्तरिक्षको सही अर्बिटमा नपुगी मोडिएर अड्किएको हो।

भारतको विदेश मन्त्रालय र भारतीय अन्तरिक्ष अनुसन्धान सङ्गठनको पहलमा श्रीहरिकोटस्थित सतीश धवन अन्तरिक्ष केन्द्रबाट सोमबार बिहान करिब १०:३० बजे मुनाल भूउपग्रह प्रक्षेपण भएको थियो। काठमाडौँ विश्वविद्यालय तथा विभिन्न विद्यालयका उच्च माध्यमिक तहका विद्यार्थीले उक्त भूउपग्रह निर्माण गरेका थिए। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/187882**

## प्रेरक प्रसंग : बुटीको करामत

एक मिहिनेती युवक जहिल्यै आफ्नो मिहिनेत सफल हुने या नहुने द्विविधामा रहन्थे। कहिलेकाहीँ यसैका कारण उनी अरूमाथि क्रोधित पनि हुन्थे। एक दिन गाउँमा एक महात्मा पुगे।

युवक पनि महात्मालाई भेट्न गए। भेटघाटमा युवकले भने- महात्माज्यू, कडा मिहिनेतसाथ सफलताका लागि हरसम्भव प्रयत्न पनि गरे पनि मलाई सफलता प्राप्त हुँदैन। म के गरौँ। महात्माले भने- तिम्रो समस्याको समाधान यस चमत्कारी बुटीबाट हुनेछ। मैले यसमा केही विशेष मन्त्र लेखेर राखेको छु। त्यसले तिम्रो हरेक बाधालाई भगाउनेछ। तर, यस बुटीलाई जगाउन तिमीले एक रात एक्लै मसानघाटमा बिताउनुपर्छ। मसानघाटको नाम सुन्दैमा युवक झस्किए। बाँकी...
स्रोत : **https://www.nayapatrikadaily.com/news-details/186097/2026-01-14**